

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १० ★ ने. सं. ११४६ शिल्ला गा, प्रतिपदा ★ सोमबार ★ १९ माघ, २०८२ ★ February 2, 2026, Monday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


# भारतीय विस्तारवादको विरोध र किसान आन्दोलनको जगबाटै नेमकिपाको स्थापना




भक्तपुर, १८ माघ । नेपाल मजदुर किसान पार्टी २ नं. वडा समितिको आयोजनामा नेमकिपाको ५२ औं स्थापना दिवसको अवसरमा शनिबार प्रशिक्षण तथा प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें ( रोहित) ले स्कूल कलेजमा भूगोल, इतिहाससम्बन्धी कक्षा सञ्चालन आवश्यक भएको उल्लेख गर्दै देश विदेशको घटनाक्रमबारे आपसी छलफल गर्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय जानकारी हुने बताउनुभयो । उहाँले शिक्षकहरूमा विषयवस्तुको ज्ञान नभए विद्यार्थीमा विचार पोख्न नसक्ने बताउनुभयो ।

विभिन्न साहित्यको अध्ययन विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले कम्युनिस्ट विचारक माणिकलाल श्रेष्ठ वकिल, विज्ञानका शिक्षक तथा युनिभर्सिटी प्रोफेसर भएकाले उहाँ कम्युनिस्ट विचार र सोको विश्लेषणात्मक रूपमा आफ्नो धारणा राख्न सक्ने व्यक्ति बनेको बताउनुभयो । पार्टीले भक्तपुरमा सुस्ता आन्दोलन, भारतीय एकाधिकार पुँजी र विस्तारवादको विरोध गरेको र किसान आन्दोलनको जगबाटै नेमकिपा स्थापना भएको स्मरण उहाँले गर्नुभयो ।

अध्यक्ष रोहितले भक्तपुरमा अग्रजहरूले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सम्पदा संरक्षणमा गरेको योगदान खेर नगएको उल्लेख गर्दै चुनावबाट समाजवाद कहिल्यै आउँदैन भन्नुभयो । उहाँले अमेरिकाले आफ्नो विरोधमा बोल्ने स-साना स्वाधीन राष्ट्रहरूहरूलाई पाइला पाइला गर्दै युद्धमा धकेल्ने र समाप्त गर्ने दाउको विरोध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका गंगाराम ज्याख्वले शासक दलका नेताहरू आफ्नो देश र समाजको हितमा भन्दा व्यक्तिगत स्वार्थ र दलीय स्वार्थलाई मात्र प्राथमिकता दिँदै देशमा भ्रष्टाचार चरम सीमामा पुगेको बताउँदै आन्दोलनबाट बनेको नयाँ सरकार तथा दलहरूका कारण विदेशी चलखेल बढेको स्पष्ट पार्नुभयो ।

जीपी लासिवाले नेमकिपाले राख्दै आएका जनताका हक अधिकार तथा पार्टी स्थापनाका पृष्ठभूमिबारे प्रकाश पार्नुभयो । गणेशप्रसाद सुवाल, सूर्यनारायण फाजूले पनि पार्टीले सिद्धान्तका आधारमा वर्गीय राजनीति गरि रहेको बताउनुभयो । कार्यक्रम नेमकिपा २ नं. वडा समितिका अध्यक्ष रत्नकाजी नायोभारीको सभापतित्वमा भएको थियो । कार्यक्रममा समितिका उपाध्यक्ष श्यामसुन्दर मातांले पनि बोल्नुभएको थियो ।

# पुँजीवादी पार्टीहरूबाट सहिदको सम्मान नहुने

भक्तपुर, १८ माघ । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले ३५ वर्षयता सरकारमा गएका पार्टीहरूले सहिदको त्याग, तपस्या र बलिदानलाई बेवास्ता गरेको बताउनुभयो ।

चाँगुनारायण नगरपालिकाको वडा नं. ८ सुडालको मुस्याख्व टोलका जनतासँगको भेटमा दैलेखमा फेला परेको ग्याससमेत धेरै निस्केको भए भारतीय एकाधिकार पुँजीको कब्जामा पर्ने अभिव्यक्ति कर्मचारीहरूबाटै सार्वजनिक भएको उल्लेख गर्नुभयो ।

नेमकिपाले संसद् र सडकमा प्रखर प्रतिपक्षीको भूमिका निर्वाह गरी देश र जनताको हितमा आवाज उठाइरहेको उल्लेख गर्दै सचिव सुवालले नेमकिपाको संसद्मा उपस्थितिले शासक दलहरूलाई देश र जनताविरोधी काममा खबरदारी दिने काम भइरहेको बताउनुभयो ।

भेटघाटमा नेमकिपा भक्तपुरका जिल्ला उपाध्यक्ष न्हुछेभक्त फोजुले फागुन २१ गतेको चुनावमा मादल चिह्नमा मतदान गर्न आग्रह गर्नुभयो ।

**पुँजीवादी निर्वाचनबाट शिक्षा र स्वास्थ्य नि:शुल्क नहुने**

यसैबिच पार्टी स्थापना दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले दुवाकोटका स्थानीय जनतासँग भेटघाट गर्नुभयो ।

उक्त भेटघाटमा सुवालले शिक्षा, स्वास्थ्य सेवा नि:शुल्क, देशभित्र रोजगारी, सबैलाई आवासको व्यवस्था, सामाजिक न्याय कायम हुने आदर्श समाज निर्माण नेमकिपाको उद्देश्य रहेको बताउनुभयो ।

सचिव सुवालले ३५ वर्षयता सरकारमा गएका पार्टी र तिनका नेताहरूले नेपाली जनतालाई २८ खर्ब रूपैयाँ ऋण बोकाएको, दाल, चामल, तरकारी, फलफूलसमेत आयात गरी वर्षको १५ खर्ब रूपैयाँ व्यापार घाटा पारेको उल्लेख गर्दै भन्नुभयो, “२० प्रतिशत नेपाली गरिबीमा रहेको भन्नु दिनको एक छाक मात्र खान पाउनु हो ।”

उम्मेदवार सुवालले थप्नुभयो, “संरा अमेरिकी ट्रम्प प्रशासनले भेनेजुयलाको ग्यास, तेल, सुनलगायत

*बाँकी पृष्ठ ८ मा*

**व्यङ्ग्यचित्र कुनो**




# दत्तात्रय आधारभूत विद्यालयको ५२ औँ वार्षिकोत्सव कार्यक्रम सम्पन्न




भक्तपुर, १८ माघ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा दत्तात्रय आधारभूत विद्यालयको ५२ औं वार्षिकोत्सवको अवसरमा शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यालय बालबालिकाको दोस्रो घर भएको बताउँदै विद्यालय राम्रो भए बालबालिकाको भविष्य राम्रो हुने र व्यक्तित्व विकासमा शिक्षक र अभिभावकको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

आजका बालबालिका भविष्यका कर्णधार हुन् भन्दै उहाँले शिक्षक र अभिभावकले विद्यार्थीको सिकाइ उपलब्धि बढाउन, उनीहरूको व्यावहारिक, नैतिक र बौद्धिक विकासका लागि मिलेर काम गर्नुपर्ने बताउँदै योग्य शिक्षकले योग्य विद्यार्थी उत्पादनमा सहयोगी भूमिका खेल्ने बताउनुभयो ।

सामुदायिक विद्यालयहरूमा राज्यको धेरै लगानी हुने हुँदा त्यो लगानी उपलब्धिमूलक र फलदायी बनाउन विद्यालय व्यवस्थापन समिति र शिक्षकको मिहिनेत आवश्यक भएको बताउँदै उहाँले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई सक्षम र योग्य बनाउन कर्तव्यबोध गर्नुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू गुणस्तरीय शिक्षा प्रदान गरी देशभरिका विद्यार्थीलाई सहज र सुलभ रूपमा उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गरिरहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुरको शिक्षा अगाडि बढेसँगै यहाँका जनताको जीवनस्तरमा पनि परिवर्तन आएको बताउँदै भक्तपुर नपाले शिक्षा सँगसँगै स्वास्थ्य क्षेत्रलाई पनि प्राथमिकतामा राख्दै आएको बताउनुभयो ।

दत्तात्रय आधारभूत विद्यालयका प्रधानाध्यापक सज्जन प्रधानले विद्यालय स्थापनाको पृष्ठभूमिबारे प्रस्ट पार्दै उहाँले दत्तात्रय आधारभूत विद्यालयमा हाल नर्सरीदेखि कक्षा ८ सम्म सञ्चालन रहेको र वार्षिक कार्ययोजना तयारी गरी अतिरिक्त क्रियाकलापमा पनि जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा शिक्षा शाखा प्रमुख साधुराम फुयाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सञ्जय मानन्धर, वडा नं. ९ सामुदायिक विद्यालयका संयोजक ज्ञानसागर प्रजापति, आधारभूत विद्यालय समितिका अध्यक्ष सूर्यबहादुर फोँजु, विद्यालयका पूर्वप्रधानाध्यापक शर्मिला श्रेष्ठ, वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्य, सरस्वती विद्यागृह मा.वि.का प्रधानाध्यापक गनुराज साम्पाङ राई, शिक्षिका रमिता प्रजापतिलगायतले बोल्नुभएको थियो ।

वार्षिकोत्सवको अवसर पारेर विद्यालयले ३० वर्ष सेवा गरेका शिक्षकहरूलाई सम्मान गरिएको थियो भने विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतिहरू देखाएका थिए ।


**स्तन क्यान्सरका लक्षण**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरुन्तै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नियमनको नाममा नियोजन गर्ने निर्देशनप्रति सङ्घको आपत्ति




भक्तपुर, १८ माघ । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को अर्धवार्षिक समीक्षा रोयल थाई हस्पिटालिटी, राधेराधेमा सम्पन्न भयो ।

सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले सङ्घको अर्धवार्षिक समीक्षाले सङ्घको कार्य प्रगतिको अवस्थाबारे बोध हुने र कमजोरीलाई सुधार गरेर अगाडि बढ्न सहयोग गर्ने बताउनुभयो । सहकारीमा बहु नियामकबाट जारी बहु निर्देशनले सहकारी संस्थाहरू अन्योलमा रहेको बताउँदै उहाँले नियामकले नियमन तथा निरीक्षण गर्नु स्वाभाविक हो तर नियमनको नाममा नियोजन गर्ने निर्देशनप्रति सङ्घको आपत्ति रहेको बताउनुभयो ।

सहकारी संस्थाको सञ्चालन गतिविधिलाई ध्यान नै नदिई सङ्घमा रहेको तरलता गणना नहुने, खोलिएका शाखाहरू बन्द गर्नुपर्नेजस्ता जारी निर्देशनले सहकारी संस्थाको सञ्चालन प्रक्रियालाई नै बिथोल्ने तथा कमजोर बनाउने उहाँको भनाइ थियो ।

सहकारीलाई एकद्वार प्रणालीबाट मात्र नियमन गर्नुपर्नेमा जोड दिँदै उहाँले राष्ट्रिय सहकारी नियमन प्राधिकरणले दर्ता अभिलेखीकरण गर्ने समय अवधि २०८२ फागुन ११ गतेसम्म थप गरेकोले दर्ता हुन बाँकी सङ्घमा आबद्ध सदस्य संस्थाहरूलाई समयमै दर्ता हुन अनुरोध गर्नुभयो ।

सङ्घका उपाध्यक्ष जगन्नाथ प्रजापतिले स्वागत मन्तव्य राख्दै सङ्घले आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयनको समीक्षा गर्न अर्धवार्षिक समीक्षा कार्यक्रम राखिएको बताउनुभयो । सङ्घका सचिव कान्छाभक्त घजुले अर्धवार्षिक समीक्षामा सङ्घले पुस मसान्तसम्मको कार्यक्रम प्रगति प्रस्तुत गर्नुभयो ।

उहाँले सङ्घका सदस्य संस्थालाई निरन्तर शिक्षा तथा तालिमअन्तर्गत संस्थाको संस्थागत, सञ्चालक र कर्मचारीको क्षमता अभिवृद्धि हुने तालिमलाई जोड दिएको बताउनुभयो । हालसम्म सङ्घमा २०३ सदस्यमध्ये १९५ वटा संस्थाको साधारणसभा भएको र ८ वटा संस्थाको साधारणसभा गर्न बाँकी रहेको बताउनुभयो । सङ्घले गरेको समन्वय तथा पहलकदमी भूमिका बारेमा जानकारी दिनुभयो । सङ्घले हालसम्म १२ वटा संस्थाको अनुगमन गरेको उहाँले जानकारी गराउनुभयो ।

सङ्घका कोषाध्यक्ष कृष्णश्वरी मचामसीले अर्धवार्षिक समीक्षामा सङ्घको वासलात तीन अर्ब दस करोड पुगेको जानकारी दिनुभयो । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशनअनुसार सङ्घले कारोबारलाई खुम्च्याउनुपर्ने बाध्यात्मक परिस्थितिअनुसार सङ्घले कारोबार घटाउने लक्ष्य राखिएको उहाँले बताउनुभयो ।

सोहीअनुसार गत पुस मसान्तसम्ममा ३.४१ प्रतिशतले घटाउन सफल भएको बताउँदै उहाँले हाल ऋण लगानीको वातावरण नहुँदा सङ्घ संस्थामा अत्यधिक तरलता बढेकोले तरलताको व्यवस्थापनमा सकस परेको बताउनुभयो ।

सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले सहकारी ऐन २०७४ ले दिएको अधिकारको प्रयोग गर्दै बचत तथा ऋण कारोबार गर्ने सहकारी सङ्घहरूलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गर्न पाउनुपर्ने बताउनुभयो ।

बचत तथा ऋण सहकारी सङ्घहरूको कारोबारको व्यवस्थापन मापदण्ड ल्याई नियमन गर्नुपर्नेमा निर्मूल गर्ने खालका केही निर्देशनले सङ्घको अस्तित्वमाथि नै प्रश्न उठाएको उहाँको भनाइ थियो । उहाँले सहकारी ऐन नियम र निर्देशनअनुसार सङ्घको कारोबारलाई व्यवस्थित गर्दै लगेको तर निर्धक्क कारोबार गर्न पाउने वातावरण बन्न नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

सङ्घका लेखा सुपरिवेक्षण समितिका संयोजक दामोदर न्यौपानेले सङ्घको अर्धवार्षिक प्रगति सन्तोषजनक रहेको बताउनुभयो ।

# चाँगुनारायणमा विद्यालय तह घटुवा र खुला प्रअ विज्ञापन स्थगन गर्न माग

भक्तपुर, १८ माघ । चाँगुनारायण नगरपालिकामा विद्यालयको तह समायोजन (कक्षा स्थगन/घटुवा) तथा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक (प्रअ) व्यवस्थापन गर्ने निर्णयप्रति कार्यरत प्रअ, शिक्षक, विद्यालय व्यवस्थापन समिति ( वि.व्य.स.), अभिभावक तथा स्थानीय शिक्षाप्रेमीहरूले गम्भीर ध्यानाकर्षण गराएका छन् ।

गत पुस २४ गते शिक्षा समितिको निर्णयको आधारमा २०८२ माघ २ गते नगर शिक्षा शाखाद्वारा प्रकाशित सूचनाअनुसार विद्यालय तह समायोजन स्थगन तथा खुला प्रअ व्यवस्थापन नयाँ शैक्षिक सत्रदेखि कार्यान्वयन गर्ने तयारी गरिएको थियो । उक्त निर्णयले सामुदायिक विद्यालयको भविष्यमा दीर्घकालीन नकारात्मक असर पार्ने भन्दै सरोकारवालाले आपत्ति जनाएका हुन् ।

ध्यानाकर्षण पत्रमा चाँगुनारायण नगरपालिकाले २०८२ साललाई 'प्रोत्साहन वर्ष' को रूपमा आत्मसात गर्दै विद्यालय सुधारका लागि योजनाबद्ध प्रयास अघि बढाइरहेको अवस्थामा विद्यालयको कक्षा स्थगन वा घटुवा गर्नु राष्ट्रिय शिक्षा नीतिले सुनिश्चित गरेको प्रत्येक बालबालिकाको निःशुल्क तथा अनिवार्य शिक्षाको संवैधानिक अधिकारविपरीत भएको उल्लेख गरिएको छ ।

आवश्यक सकारात्मक पहल नगरी सम्पूर्ण जिम्मेवारी विद्यालय नेतृत्व अर्थात् प्रअमाथि मात्र थोपर्नु न्यायसङ्गत नहुने उहाँहरूको भनाइ छ ।

आइतबार नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, चाँगुनारायणले शिक्षा शाखा र नगर उपप्रमुख रमेश बुढाथोकीको ध्यानाकर्षण गराउँदै नगरपालिकाको उक्त काम सार्वजनिक शिक्षाका लागि उपयुक्त नहुने भन्दै ज्ञापनपत्र बुझायो ।

ज्ञापनपत्र बुझाउने क्रममा सङ्घका अध्यक्ष नारायणप्रसाद दुलालले शाखाका अधिकृत दिनेश अर्यालसँग प्रश्न गर्दा उहाँले सो सम्बन्धमा कार्यपालिका र शिक्षा समितिमा पुर्‍याउने बताउनुभयो ।

उपप्रमुख बुढाथोकीले शिक्षकहरूको मागमा आफ्नो ध्यानाकर्षण भएको बताउनुभयो ।

नारायणप्रसाद दुलालको नेतृत्वमा गएको सो प्रमण्डलमा शिक्षकहरू घनश्याम खड्का, इन्द्रबहादुर फोजु, सत्यप्रसाद प्रजापति, चन्द्रबहादुर थ्याजुलगायत हुनुहुन्छ ।

त्यस्तै सञ्चारकर्मीहरू विनोद विक, सुरेश साँय्जु र हरिसुन्दर छुकांको पनि उपस्थिति थियो ।

# वातावरण निरीक्षकको विवरण उपलब्ध गराइदिन आग्रह

काठमाडौँ, १८ माघ । देशभर रहेका वातावरण निरीक्षकको विवरण उपलब्ध गराइदिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै गाउँपालिका र नगरपालिकाहरूलाई पत्राचार गरेको छ ।

वन तथा वातावरण मन्त्रालयको आग्रहबमोजिम सङ्घीय मामिलाले सबै स्थानीय तहलाई वातावरण निरीक्षकको बारेमा जानकारी उपलब्ध गराइदिन पत्राचार गरेको हो । मुलुकभर हाल वातावरण निरीक्षक सङ्घ, प्रदेश र स्थानीय तहमा के-कति सङ्ख्यामा छन्, मुलुकका लागि आवश्यक वातावरण निरीक्षकको सङ्ख्या के-कति हो ? भन्ने जानकारी उपलब्ध गराइदिन मन्त्रालयले आग्रह गरेको हो ।

उपलब्ध जनशक्तिले मुलुकको वातावरणसम्बन्धी विषयलाई सम्बोधन गर्न सकेको अवस्था छ वा छैन भन्ने विषयमा प्रदेश तथा स्थानीय तहबाट तोकिएको ढाँचामा विवरण उपलब्ध गराइदिन अनुरोध गरिएको छ । वातावरणसँग जोडिएका विषयमा आवश्यक जानकारी लिन, नियमन गर्न तथा वातावरण संरक्षणका लागि अत्यावश्यक कामका लागि वातावरण निरीक्षकको व्यवस्था गरिएको छ ।

उपलब्ध जनशक्तिले तोकिएको काम पूरा गर्न सम्भव छ कि छैन, आवश्यक पदपूर्ति गर्नुपर्ने सङ्ख्या के-कति हो लगायतका विवरण उपलब्ध गराइदिन सङ्घीय मामिला मन्त्रालयले पत्राचार गरेको हो । वन तथा वातावरण मन्त्रालयमातहतको वातावरण विभागले उक्त विवरणको माग गरेको हो ।

# पन्ध्र जिल्लाको १८ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न

काठमाडौँ, १८ माघ । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको १५ जिल्लाको मतपत्र छपाइको काम सम्पन्न भएको छ । निर्वाचन आयोगका अनुसार हालसम्म कुल १५ जिल्लाको १८ निर्वाचन क्षेत्रको मतपत्र छपाइको काम सम्पन्न भएको छ ।

मतपत्र छपाइको काम जनक शिक्षा सामग्री केन्द्र भक्तपुरमा जारी छ । डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, सल्यान, जाजरकोटको प्रत्यक्षतर्फको मतपत्र छपाइको काम सम्पन्न भएको छ । त्यसैगरी, दैलेख निर्वाचन क्षेत्र नं १ र २, सुर्खेतको १ र २, रुकुमपश्चिम, बाजुरा र अछामको क्षेत्र नं १ र २, कैलाली क्षेत्र नं १, झापा क्षेत्र नं ५ र सुनसरीको क्षेत्र नं १ को प्रत्यक्षतर्फको मतपत्र छपाइको काम सम्पन्न भएको छ ।

नमूना मतपत्रतर्फ १० लाख ९८ हजार २०० छपाइ सम्पन्न भएर निर्वाचन क्षेत्रमा पुगिसकेको आयोगले जनाएको छ । समानुपातिकतर्फको दुई करोड आठ लाख ३० मतपत्र छपाइ सम्पन्न भइसकेको छ ।

# नेमकिपा स्थापना दिवसको अवसरमा प्रवचन कार्यक्रम

भक्तपुर, १८ माघ । भक्तपुर सिकर्मी सङ्घको आयोजनामा आइतबार नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष उपेन्द्र सुवालले नेपाल मजदुर किसान पार्टी मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराको सिद्धान्त र दर्शनको आधारमा स्थापना भएको कम्युनिस्ट पार्टी हो भन्नुभयो ।

नेपालमा ६२ प्रतिशतसम्म कम्युनिस्टको जित हासिल भए पनि एमालेले काङ्ग्रेसको पथ पछ्याउँदा र आफूलाई ठूलो कम्युनिस्ट पार्टी भन्ने माओवादीले माओ त्सेतुङको विचारधाराकै अवमूल्यन हुने गरी व्यक्तिहत्या, भौतिक संरचना ध्वस्त गर्दा विदेशीको मुख ताक्नुपर्ने स्थिति सृजना भएकोले देशको अवस्था झन्झन् बिग्रँदै गएको बताउनुभयो ।

सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र सचिव पुण्यराम न्हुछेले पनि बोल्नुभएको थियो ।

# समय साकोसको अर्धवाषिक समीक्षा कार्यक्रम सम्पन्न

भक्तपुर, १८ माघ । समय बचत तथा ऋण सहकारी संस्था लि. को आव २०८२/०८३ को पुस मसान्तसम्मको अर्धवार्षिक समीक्षा गोष्ठी कार्यक्रम संस्थाको तालिम हलमा बिहीबार सम्पन्न भयो ।

संस्थाका अध्यक्ष श्यामसुन्दर बेकोजुको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रममा उहाँले संस्थाको समिति, उपसमिति, कर्मचारीलगायत सबै शुभचिन्तक महानुभावहरूको योगदानबाट संस्थालाई अगाडि बढाउन सक्ने भएकोले आगामी दिनमा पनि साथ र सहयोग पाउने आशा व्यक्त गदै सबैले संस्थाको हरेक गतिविधिबारेमा जानकारी राख्नुपर्ने, आगामी कार्यक्रममा समिति उपसमिति र कर्मचारीहरूले मेहनत गर्नुपर्ने तथा संस्थामा नै कारोबार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

हाल वर्तमान समयमा नियामक निकायबाट सहकारी संस्थालाई पनि बैङ्क तथा वित्तीय सङ्घ संस्थालाई ल्याएको ऐन नियमले सहकारी क्षेत्रलाई खुम्च्याउने भएकोले सम्बन्धित पक्षले सो सम्बन्धमा ध्यान पुयाउनुपर्छ, उहाँले भन्नुभयो ।

संस्थाको समिति उपसमिति, सदस्य एवं कर्मचारीहरूको बिचमा भएको सो कार्यक्रममा सचिव लक्ष्मीप्रसाद छुस्याबागले प्रगति विवरण र कोषाध्यक्ष लक्ष्मीप्रसाद गाईजुले संस्थाको आर्थिक प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

लेखा सुपरिवेक्षण समितिका संयोजक विक्रम धुकुछुले संस्थाले गरेका आर्थिक, सामाजिक तथा सांस्कृतिक गतिविधिको टिप्पणी गर्दै संस्था सञ्चालनको लागि राय सुझाव पेस गर्नुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष चन्द्रकृष्ण ग्वाछा, सञ्चालक रामसुन्दर गाईजु र व्यवस्थापक कृष्णप्रसाद दुवाललगायतले बोल्नुभयो ।

# कवितासङ्ग्रह 'बगावतनामा' बारे काठमाडौँमा अन्तरक्रिया



काठमाडौँ, १८ माघ । रीमा केसीको कवितासङ्ग्रह 'बगावतनामा' बारे काठमाडौँमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कवितामा समीक्षकहरूले कविताको सशक्त अभिव्यक्ति, गहिरो समभाव र परम्परागत मान्यतामा चुनौती दिएको उल्लेख गर्नुभयो ।

कवितामा प्रेम र विद्रोहका दुई बृहत् पाटाभित्र गुजुल्टिएर बसेका अनेक विषय छन् । सङ्ग्रहबारे अभियन्ता तथा लेखक राधा पौडेलले भन्नुभयो, "हामीलाई कहिले हिंसात्मक बलात्कार गर्छन्, कहिले भावनात्मक बलात्कार गर्छन् । कवितामा छद्‌म चरित्रका मान्छे र प्रवृत्तिको प्रतिवाद गरिएको छ । कवितामा समाजमा रहेका विभेद, क्रूरताको विरोध गर्दै विभेदरहित समाजको लागि अपिल गरिएको छ ।"

त्रिविमा प्राध्यापनरत हेम भण्डारीले परम्परागत लेखन मान्यतालाई भत्काएर प्रतिरोधलाई कविताको नयाँ शैली र सौन्दर्यका रूपमा स्थापित गरेको बताउनुभएको छ । उहाँका अनुसारदोहोरो चरित्रमा बाँचेका, विषाक्त पितृसत्ता तथा सामाजिक विभेदका वाहकलाई कविताबाटै चुनौती दिएकी छन् कवयित्री रीमाले ।

कविताबारे कवयित्री लक्ष्मी रुम्वाले भन्नुभयो, "यी कविताले तल्लो तहमा रहेका तथा वर्गीय उत्पीडनको पीधँमा रहेकाहरूप्रति देखाएको समभाव कम अत्यन्तै गाढा छ । सामाजिक घटनाको सूक्ष्म अवलोकनमा आफ्नै अनुभूति मिसाएर लेख्छिन् कवयित्री रिमा । आक्रोश त पोखिएका छन् यहाँ तर अतिरञ्जित लाग्दैन । लोभलाग्दो लाग्छ उनको साधारण शब्द चयन तर सशक्त अभिव्यक्ति ।"

कार्यक्रममा सहजीकरण गर्दै गणेश खनियाले वक्तात्रयसँग सङ्क्षिप्त प्रश्नहरू राख्नुभएको थियो । कार्यक्रमको अन्त्यमा कवयित्री रीमाले आफ्नो कविता वाचन गर्नभएको थियो ।

## सङ्क्षिप्त समाचार

### बाँकेमा निर्वाचन आचारसंहिता पालनामा कडाइ

नेपालगञ्ज १८ माघ। निर्वाचन आचारसंहिता पालना गर्न बाँकेमा कडाइका साथ निगरानी सुरु गरिएको छ। निर्वाचन आयोगले गठन गरेको निर्वाचन आचारसंहिता अनुगमन समितिले बाँकेको निर्वाचन क्षेत्र नं २ र ३ मा मौखिक उजुरी आएको जानकारी दिएको छ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी तथा अनुगमन समितिका अधिकृत पूर्णबहादुर खत्रीले विद्यालयमा कार्यक्रम गरेको, पालिका वडाध्यक्षले पालिकामा प्रचारप्रसार गरेको र पालिकाको डोजर तथा टिपर प्रयोग गरेर सडक ग्राभेल गरेकोलगायत उजुरी आएको बताउनुभयो। उहाँले आचारसंहिताविपरीत सबै काम बन्द गरिएको उल्लेख गर्दै सम्बन्धितलाई सचेत बनाइएको जानकारी दिनुभयो।

निर्वाचन आयोगले बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी खत्री र कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुख सर्वोदय उपाध्यायलाई अनुगमन अधिकृतका रूपमा तोकेको छ। अनुगमन समितिका अनुसार निर्वाचन प्रचारप्रसारको काम आगामी फागुन ४ देखि १८ गतेसम्म मात्रै गर्न पाउने कानुनी प्रावधान रहेको छ। निर्वाचन आयोगद्वारा जारी भएको निर्वाचन आचारसंहिता माघ ४ गतेदेखि नै लागू भएको छ। *(रासस)*

### वीरगञ्ज हुँदै छ महिनामा सात अर्ब ६४ करोडको दलहन भित्रियो

वीरगञ्ज (पर्सा), १८ माघ। वीरगन्ज हुँदै चालु आर्थिक वर्षको छ महिनामा रु. सात अर्ब ६४ करोड मूल्यपर्ने सात थरिका दलहनजन्य खाद्यान्न भित्रिएको छ। गत आर्थिक वर्षको छ महिनामा रु. एक अर्ब ८० करोड बढी मूल्यको दलहन खाद्यान्न भित्रिएको हो।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत आवको छ महिनाको तुलनामा चालु आवको छ महिनामा ३१ प्रतिशतले आयात बढेको बताउनुभयो। जबकि गत आवको छ महिनामा भने सात थरिका दलहन खाद्यान्न रु. पाँच अर्ब ८३ करोडको आयात भएको थियो। चालु आवको छ महिनामा रु. तीन अर्ब ८२ करोडको मुसुरो दाल आयात भएको छ।

त्यस्तै सोही अवधिमा रु. एक अर्ब १७ करोड मूल्य पर्ने सिमी/राज्मा आयात भएको छ। चालु आवको छ महिनामा रु. एक अर्ब १४ करोड मूल्यको चना आयात भएको छ। त्यसैगरी, रु. एक अर्ब मूल्यको अन्य गेडागुडी आयात भएको छ। रू २७ करोडबराबर रहरको दाल र रु. १६ करोड मूल्यको केराउ आयात भएको छ। त्यस्तै रु. पाँच करोड १० लाख मूल्यका बकुल्लाको आयात भएको छ। *(रासस)*

# तल्लो सेती जलविद्युत् आयोजना पहुँच सडक निर्माण सुरु

दमौली (तनहुँ), १८ माघ। तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाको पहुँच सडक निर्माण सुरु गर्न लागिएको छ। एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको लिमिटेडले यहाँबाट खेरजान पानीको सदुपयोग गर्दै तल्लो सेती जलविद्युत् आयोजना निर्माणको प्रक्रिया अगाडि बढाएको हो।

त्यसका लागि निर्माण व्यवसायीले आयोजनाको पहुँच सडक निर्माण तथा कार्यालय स्थापना सुरु गरेको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। आयोजनाबाट प्राप्त हुने नियन्त्रित र मादी नदीबाट प्राप्त हुन थप पानी प्रवाहलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो। तल्लो सेती जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेको छ।

आयोजनाको जग्गा अधिग्रहण प्रक्रियासमेत अगाडि बढिसकेको छ। आयोजनाका विभिन्न संरचनाका लागि आवश्यकपर्ने निजी जग्गा अधिग्रहणका प्रक्रिया अगाडि बढाउन प्रस्ताव स्वीकृतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरिएको जनाइएको छ।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ। पानीको प्रवाहलाई देवघाट-३ र ४ हुँदै छ दशमलव आठ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ।

आयोजनाबाट बन्दीपुर-६, व्यास नगरपालिका-१३, १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछन्।

देवघाट-४ गाईघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिनेछ। उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिनेछ। यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्छ।

अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुने छ। आयोजनाबाट वार्षिक रूपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुनेछ। आयोजनाको अनुमानित लागि रु. २५ अर्ब रहेको छ।



**आलु रोप्दै किसान**
काठमाडौँको शङ्खरापुर नगरपालिका-६ साँखुस्थित खेतमा आलु रोप्दै किसान। *तस्बिरः हरिराम भेटुवाल/रासस*

# सीमावर्ती कचनकबलका मतदाता उम्मेदवारको पर्खाइमा

**- दीपक चन्द**

भद्रपुर (झापा), १८ माघ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारहरूको मनोनयन दर्ता भएसँगै देशका अधिकांश सहरी तथा ग्रामीण क्षेत्रमा चुनावी चहलपहल बढ्न थालेको छ। सामाजिक सञ्जालदेखि चिया पसल, चौतारी र बस्तीसम्म 'यसपालि कसलाई मत हाल्ने', 'कस्तो प्रतिनिधि रोज्ने' भन्ने विषयमा बहस भइरहेका छन्। राजनीतिक दलका नेता तथा स्वतन्त्र उम्मेदवारहरू पनि औपचारिक प्रचार सुरु नहुँदै मतदाता भेटघाटमा व्यस्त देखिन थालेका छन्।

तर झापाको निर्वाचन क्षेत्र नं ३ अन्तर्गत पर्ने दक्षिणी सीमावर्ती कचनकबल गाउँपालिकाका केही बस्तीमा भने निर्वाचन नजिकिँदै गर्दा पनि अपेक्षित चुनावी गतिविधि देखिन सकेको छैन। भारतसँग सिधा जोडिएको यो सीमावर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय मतदाताले निर्वाचन हुँदैछ भन्ने जानकारी त पाएका छन्, तर 'को-को उम्मेदवार छन्' भन्ने विषयमै अन्योल रहेको बताएका छन्।

कचनकबल गाउँपालिका-५ का पूर्णकुमार गणेश भन्नुहुन्छ, "समाचार र सामाजिक सञ्जालबाट चुनाव हुँदैछ भन्ने त थाहा छ, तर यहाँबाट को उम्मेदवार उठेका छन् भन्ने जानकारी छैन। पहिलेपहिले चुनाव लडेर गएका नेताहरूको नाम त थाहा छ, तर यसपालि नयाँनयाँ को आउँदैछन् भन्ने थाहा छैन।"

उहाँका अनुसार अहिलेसम्म न त पुराना दलका उम्मेदवार पुगेका छन्, न त स्वतन्त्र उम्मेदवारी दिएका कुनै व्यक्ति नै स्थानीय बस्तीमा आइपुगेका छन्। "भोट माग्न त चुनाव नजिकिँदा आउलान् भन्ने आशा छ", उहाँ भन्नुहुन्छ, "तर अहिलेसम्म त कोही देखिएका छैनन्।"

कचनकबल-५ कै इद्रिस मियाँ, जमालुद्दिन मियाँ र सोर्जु हजाम पनि यही गुनासो दोहोऱ्याउँछन्। उहाँहरूका अनुसार राष्ट्रियस्तरमा चर्चामा रहेका राजनीतिक दल, तिनका शीर्षनेता र समग्र राजनीतिक घटनाक्रमबारे दुर्गम बस्तीका मतदातासमेत जानकार देखिए पनि, आफ्नै निर्वाचन क्षेत्रका उम्मेदवारसँग भने सम्पर्क हुनसकेको छैन।

स्थानीय इद्रिस मियाँ भन्नुहुन्छ, "रेडियो, मोबाइल र फेसबुकबाट काठमाडौँलगायत चर्चामा रहेका निर्वाचन क्षेत्रमा नेता के गर्दैछन् भन्ने थाहा हुन्छ। तर यहाँबाट चुनाव लड्ने मान्छे को हो भन्ने नै थाहा छैन। उम्मेदवार आफैँ नआउँदा कसरी चिन्ने ?"

सीमावर्ती क्षेत्रका मतदातामा राजनीतिक दल र उम्मेदवारप्रति देखिएको यो दूरीको मुख्य कारण भने निर्वाचनमा देखिँदै आएको पुरानै प्रवृत्ति भएको उनीहरूको बुझाइ छ। "चुनावका बेलामा मात्रै वाचा गर्छन्, भोट माग्न आउँछन्, जितेपछि फर्केर हेर्दैनन्", जमालुद्दिन मियाँको गुनासो छ। उहाँका अनुसार स्वास्थ्य, शिक्षा, सडक पूर्वाधार, स्वच्छ खानेपानी, सिँचाइ र रोजगारीजस्ता आधारभूत समस्या वर्षौंदेखि उस्तै छन्।

कचनकबल गाउँपालिका झापाको दक्षिणी सीमामा पर्ने दुर्गम क्षेत्र मानिन्छ। यहाँका धेरै बस्ती भारतसँग जोडिएका छन्। सीमापारिका भारतीय बजारमा दैनिक उपभोग्य सामग्री सस्तो पाइने भएकाले स्थानीयले नेपालतर्फ महँगो मूल्य तिर्नु परिरहेको समस्या पनि उठाएका छन्। "भारतमा राशन कार्ड, सस्तो खाद्यान्न र स्वास्थ्य सुविधा छ। नेपालमा त्यस्तो सुविधा नहुँदा यहाँका गरिब जनता झन् समस्यामा छन्", स्थानीय सोर्जु हजाम बताउनुहुन्छ।

यस क्षेत्रका मतदाताहरूले चुनावी उम्मेदवारसँग ठुला भाषणभन्दा पनि आफ्ना दैनिक जीवनसँग जोडिएका यथार्थ समस्या समाधानको अपेक्षा गरेका छन्। तर अहिलेसम्म उम्मेदवारहरू नै गाउँ नपुगेकाले आफ्नो आवाज कसरी राख्ने भन्ने अन्योल उनीहरूमा देखिन्छ। यद्यपि, केही मतदाता भने मतदानको दिन अझै समय बाँकी रहेकाले उम्मेदवारहरू ढिलोचाँडो आइपुग्ने विश्वास व्यक्त गर्नुहुन्छ। "अहिले औपचारिक प्रचार सुरु भएको छैन। समय आएपछि उम्मेदवार आउने नै छन्", पूर्णकुमार गणेश भन्नुहुन्छ।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल तथा उम्मेदवारलाई आगामी फागुन ४ गतेदेखि फागुन १८ गतेसम्म औपचारिक प्रचारप्रसारको समय निर्धारण गरिसकेको छ। आयोगका अनुसार उक्त अवधिमा मात्र सभा, जुलुस, घरदैलो कार्यक्रम, पोस्टर-पम्पलेटलगायत गतिविधि गर्न पाइनेछ। हाल भने उम्मेदवारहरूलाई मतदाता तथा कार्यकर्ता भेटघाट गर्न अनुमति दिइएको छ, तर त्यसका लागि पनि आचारसंहिताले के गर्न पाइने र के नपाइने स्पष्ट रूपमा तोकेको छ।

झापाको निर्वाचन क्षेत्र नं ३ मा यसपटक १७ उम्मेदवारबिच प्रतिस्पर्धा हुँदैछ। नेपाली कांग्रेसबाट राजेन्द्रकुमार घिमिरे, नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट हरिबहादुर राजवंशी, नेपाल कम्युनिस्ट पार्टी (नेकपा)बाट डिल्लीराम घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाश पाठक, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट राजेन्द्रप्रसाद लिङ्देन, जनता समाजवादी पार्टी नेपालबाट कर्णलाल राजवंशी, जनमत पार्टीबाट हरसलाल राजवंशी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बाट सन्तोष कटुवाल उम्मेदवार छन्।

त्यसैगरी, उज्यालो नेपाल पार्टीबाट श्यामकृष्ण पाठक, जनता समाजवादी पार्टीबाट विनिताकुमारी राजवंशी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट चन्द्रकला सावा, नेसनल रिपब्लिक पार्टीबाट जयेन मगर, श्रम संस्कृति पार्टीबाट दीपक तिम्सिना, नेपाल मजदुर किसान पार्टीबाट धर्मलक्ष्मी दुवाल (लघु), मङ्गोल नेसनल अर्गनाइजेसनबाट यामकुमार श्रेष्ठ उम्मेदवार रहेका छन्। साथै अभय राजवंशी र मानप्रकाश सङ्गौला स्वतन्त्र उम्मेदवारका रूपमा चुनावी मैदानमा छन्।

उम्मेदवारको सङ्ख्या धेरै भए पनि सीमावर्ती कचनकबल क्षेत्रसम्म उनीहरूको प्रभावकारी पहुँच पुग्न सकेको छैन। सरकार तथा निर्वाचन आयोगको तर्फबाट मतदाता शिक्षासम्बन्धी कार्यक्रम अहिलेसम्म सुरु नहुँदा निर्वाचन प्रक्रिया र सहभागितामाथि प्रश्न उठ्न थालेको छ। स्थानीय तहमा प्रत्यक्ष संवादको अभावका कारण मतदाता र उम्मेदवारबीचको दूरी झन् बढ्ने जोखिम देखिएको छ।

निर्वाचन नजिकिँदै गर्दा झापाको निर्वाचन क्षेत्र नं ३ अन्तर्गतका सीमावर्ती बस्तीमा उम्मेदवार र राजनीतिक दलको सक्रिय उपस्थिति कति देखिन्छ, त्यसले मतदाताको धारणा र मतदान व्यवहारमा कस्तो प्रभाव पार्छ भन्ने विषय चासोको केन्द्रमा रहने देखिन्छ। *(रासस)*

# स्वास्थ्य बीमाको रकम भुक्तानी नपाउँदा प्रदेश अस्पताल पर्वत चरम सङ्कटमा

पर्वत, १८ माघ। लामो समयदेखि स्वास्थ्य बिमाको रकम भुक्तानी नपाउँदा जिल्लाको एकमात्र सुविधासम्पन्न प्रदेश अस्पताल पर्वत सङ्कटमा परेको छ। स्वास्थ्य बिमा गरेका बिरामीको उपचार हुने जिल्लाको एकमात्र प्रदेश अस्पतालले रु. तीन करोडभन्दा बढी भुक्तानी पाउन नसकेको हो। गत आर्थिक वर्षदेखिको स्वास्थ्य बिमा तथा 'डायलायसिस' बापतको रु. तीन करोड बढी रकम भुक्तानी लिन नसक्दा अस्पतालका क्रियाकलाप प्रभावित बनेको प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. ढुण्डीराज पौडेलले जानकारी दिनुभयो।

अस्पतालले स्वास्थ्य बिमा गरेका बिरामीहरूको परीक्षण गरेबापत सरकारले उक्त रकम भुक्तानी गर्नुपर्ने हुन्छ। तर सरकारले समयमा रकम भुक्तानी नदिँदा भुक्तानी रकम बढ्दै गएको उहाँले बताउनुभयो।

स्वास्थ्य बिमाको रकम भुक्तानी नपाँउदा औषधि तथा उपकरण खरिद, कर्मचारीहरूको तलब, भत्ता भुक्तानी तथा अन्य नियमित काम व्यवस्थापनमा समस्या परेको डा पौडेलले बताउनुभयो। रकम भुक्तानीका लागि पटकपटक माग गर्दा पनि सुनुवाइ नभएको उहाँको भनाइ छ।

स्वास्थ्य बिमा गरेका बिरामीहरू सामान्य समस्या पर्दा पनि अस्पताल आइपुग्नुहुन्छ, उनीहरूलाई सेवा दिनै पर्छ, तर मन्त्रालयले भुक्तानी दिन ढिलाइ गर्दा ती सेवाग्राहीलाई आवश्यक औषधि, सहायता सामग्रीलगायत ल्याबसम्बन्धी सेवा दिन समस्या भइरहेको छ। अस्पताल व्यवस्थापन समितिको कोषवाट जेनतेन अहिलेसम्म व्यवस्थापन गरिएको भए पनि अब सङ्कट सृजना हुन थालेको उहाँको भनाइ छ।

स्वास्थ्य बिमा बोर्ड अस्पतालबाट प्राप्त बिल भर्पाइका आधारमा उक्त रकम स्वास्थ्य मन्त्रालयमा माग गरिएको भए पनि भुक्तानी नआउँदा अस्पताल सङ्कटमा पर्न थालेको उहाँको भनाइ छ। एक परिवारका लागि रु. तीन हजार ५०० को प्रिमियम भुक्तानी गर्दा पाँच जनाका लागि सरकारले रु. एक लाखबराबरको बिमा रकम भुक्तानी दिने गर्दछ। पाँच जनाभन्दा बढी सदस्य रहेका साधारण परिवारको हकमा प्रतिसदस्य थप रु. ७०० योगदान रकम बुझाउनुपर्नेछ र उपचार सुविधामा रु. एक लाखमा २० हजारका दरले थप्दै प्रतिवर्ष अधिकतम रु. दुई लाखसम्मको उपचार सुविधा पाउने प्रावधान छ।

केही दिनअघि अस्पताल निरीक्षणमा आउनुभएकी स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा. सुधा गौतमलाई बिमाको रकम भुक्तानी उपलब्ध गराउन ज्ञापनपत्र बुझाइएको थियो। सो अवसरमा मन्त्री गौतमले देशभरका अस्पतालहरू बिमाबापतको रकम भुक्तानी नपाएर समस्यामा परेको जनाउँदै सरकारले विभिन्न स्रोत खोजेर बजेट व्यवस्थापनमा लागेको जानकारी दिनुभयो। *(रासस)*

। सम्पादकीय ।

# कला र संस्कृतिको संरक्षण गर्न सांस्कृतिक स्थल घोषणा गर्नुपर्ने

नेपाल प्राकृतिक र सांस्कृतिक रूपमा सम्पन्न छ । यहाँका प्राकृतिक र सांस्कृतिक सम्पदाहरू देशका पुँजी हुन् । यी सम्पदाहरू यहाँका अमूल्य निधिमात्र होइनन् आन्तरिक तथा बाह्य पर्यटकहरूको निम्ति आकर्षण स्थल र आयआर्जन गर्ने थलो पनि हो । यहाँका प्राकृतिक र सांस्कृतिक सम्पदाहरू विश्वकै सम्पदा भएको हुँदा यी सबै सम्पदाको संरक्षण गरेर जीवन्तता दिनु राज्यको कर्तव्य हो । यहाँका प्राचीन या मौलिक सम्पदा पुर्खाले आर्जेको सम्पत्ति हो । मठ, मन्दिर, पाटी-पौवा, सत्तल, पोखरी, इनार, ढुङ्गेधारा, विहार, चैत्य, स्तूप, देवालय, शिवालय, द्योछैं (मन्दिर घर) सबै पुर्खाका सम्पत्ति हुन् । यस सम्पदाभित्र यहाँका डकर्मी, सिकर्मी, लोहँकर्मीहरूको सीप र कला हुन्छ । सीप, कला र अनुभवको हिसाबले उनीहरू शिल्पकलाका इन्जिनियरहरू हुन् । सम्पदा जोगाउने र संरक्षण गर्ने शिल्पीहरूको राज्यले कदर गर्नुपर्छ ।

पुराना कला र संस्कृति मानव जातिको सभ्यताको सूचक हो । समाजलाई अगाडि बढाउन शिक्षा, संस्कृति, विज्ञान र प्रविधिको विकासको खाँचो हुन्छ । सुसंस्कृत या आदर्श समाज निर्माणको निम्ति आर्थिक, वैचारिक क्रान्तिमात्र होइन सांस्कृतिक क्रान्तिको खाँचो हुन्छ । विभिन्न जनजातिका नाचगान, रीतिथिति, संस्कार-संस्कृति, जात्रा-पर्व, उत्सव, मेला, पूजापाठ तथा त्यसबेला बजाइने बाजागाजा आदि नेपाली जनताका सांस्कृतिक सम्पदा हुन् । देशको कला संस्कृतिको नयाँ पुस्तामाझ महत्त्वबोध गराउन राज्यले कला, संस्कृति, नाचगान आदिबारे पाठ्यपुस्तकमा राख्नु आवश्यक छ । नेपाली वास्तुकलाबारे इन्जिनियरिङ पाठ्यक्रममा समावेश गर्नु आवश्यक छ ।

कला र संस्कृतिको संरक्षण गर्न सोसम्बन्धी विधेयक आवश्यक हुन्छ । नेमकिपाले पहिले सदनमा कला र संस्कृति संरक्षण विधेयक पेस गरेको थियो । त्यस विधेयकमा नेपालका पुरातात्त्विक, ऐतिहासिक कला र सांस्कृतिक महत्त्व भएको स्थल, स्थान र पुरातात्त्विक वस्तुहरूको राष्ट्रिय सूची तयार गर्नुपर्ने सुझाव रहेको थियो । तर, यसतर्फ सरकारको ध्यान गएन । सम्पदा संरक्षण गर्न सरकारले काठ सहज ढङ्गले सस्तोमा उपलब्ध गराउनुपर्ने हुन्छ । काठमा राजस्व, मूल्य अभिवृद्धि कर र अन्त शुल्क छुट दिनुपर्छ; सामुदायिक सम्पदा संरक्षणमा पुरातात्त्विक विभागले आर्थिक अनुदानको व्यवस्था गर्नुपर्छ । काठको अभाव या समस्याले पनि समयमै सम्पदा संरक्षणमा समस्या भएको देखिन्छ ।

नेपालमा विश्व सम्पदा स्थलमा सूचिकृत भएका सम्पदा स्थलहरूमा भक्तपुर दरबार स्क्वायर, चाँगुनारायण मन्दिर, पशुपतिनाथ, काठमाडौँ दरबार स्क्वायर, ललितपुर दरबार स्क्वायर, स्वयम्भू, जनकपुर, बौद्ध स्तुप चितवन राष्ट्रिय निकुञ्ज आदि रहेका छन् । यी सबै सम्पदाहरूको संरक्षण गर्नुपर्छ । सम्पदास्थलमा आधुनिक भवन र मौलिक शैलीविपरीतका आधुनिक भवन बनाउन थालेकोले सम्पदा संरक्षणमा समस्या भएको हो । यही कारण काठमाडौँको विश्व सम्पदा स्थल खतराको सूचीमा परेको थियो । खतराको सूचीमा पर्नुको कारण सम्पदा संरक्षण नभएको भन्ने थाहा हुन्छ । अत: सम्पदा स्थलमा मौलिक शैलीविपरीत भवन या मठ मन्दिर बनाउनु हुँदैन । मौलिक शैलीका संरचनाहरू भत्के बिग्रेपछि नेपालको पुरानो शैली र संस्कृति के हो भन्ने थाहा हुँदैन ।

विश्व सम्पदा स्थल र अन्य स्थलका कला, संस्कृति र सम्पदालाई जीवन्तता दिन राज्यले सांस्कृतिक स्थलको घोषणा गर्नुपर्छ । देशमा भक्तपुर नगरको पुरानो बस्ती जस्तै देशका विभिन्न स्थानमा स्मारक स्थलहरू छन् । ती सबै स्मारक स्थललाई स्मारक संरक्षित स्थल कायम गर्नुपर्छ । कायम गर्न नै सांस्कृतिक नगर, गाउँ या स्थलको घोषणा गर्नुपर्ने हुन्छ । कला र संस्कृति देशको पहिचान हो, अमूल्य निधि हो । पुरातत्त्व विभागमा कार्यरत मुख्य पदाधिकारीहरूले कला र संस्कृतिको पुरातात्त्विक महत्त्व नबुझ्दा पुरानो मौलिक शैलीमाथि आधुनिक शैलीले ढाक्दै गएको हो । सरकारले जहाँ-जहाँ सांस्कृतिक सम्पदाहरू छन् त्यहाँ त्यहाँ सांस्कृतिक स्थलको घोषणा गरी सम्पदालाई जीवन्तता दिने काम गर्नुपर्छ ।

# अपराधहरूमा ठुला दलका ठुलै नेता किन पक्राउ हुन्न

✍ एक पर्यवेक्षक

नेपाली जनतामा ठुलो भ्रम छ - सरकार बदलेपछि भ्रष्टाचार गर्ने गराउने काम कम हुनेछ । शासक दलका नेता र कार्यकर्ताले भ्रष्टाचार गर्ने भएकाले सरकार बदलेपछि भ्रष्टाचार सामसुम हुन्छ भन्ने जनता ठान्छन् । सरकार बारम्बार फेरिए पनि भ्रष्टाचार दिन दुई गुणा र रात चौगुणा बढ्दै छन्, कसरी ?

सरकारमा जाने सबै राजनैतिक दलहरू पैसा कमाउनकै लागि पार्टी खोलेका नेता र कार्यकर्ताहरू नै मन्त्री र ठुला ठुला पदमा जाने भएकाले सरकार हेरफेर भए पनि भ्रष्टाचार भएका हुन् ।

केही मानिसहरू ठुला ठुला सजाय दिएमा भ्रष्टाचार र अपराध घट्नेछन् भने अनुमान गर्छन् । समाजवादी साहित्य अध्ययन गर्दा थाहा हुन्छ - कडा सजायको ऐन कानुन बने पनि भ्रष्टाचार घटेन किन ?

ऐन कानुन बनाउने सांसदहरू नै घुस खाने घुस दिलाउनेहरू हुन्छन् । अर्थात् ऐन बनाउनेहरू र अपराधीहरूलाई अपराध गराउनेहरू आफै ठुला ठुला व्यापारी, हाकिम, मन्त्री, सचिव, ठेकेदार, प्रम र मन्त्रीहरू नै हुन्छन् । न्यायाधीशहरू, सरकारी वकिल, न्यायाधिवक्ताहरू अन्य न्याय क्षेत्रमा काम गर्ने ठुलाबडा पनि माथिल्लै ठुलाबडा हुन्छन् । १५ वर्षको सजाय तोक्नुपर्ने व्यक्तिलाई ५ महिनामात्रै जेल सजाय भएपछि अपराध घट्छ कसरी ?

१२-१५ पटक नै जीउ म्हास्ने र केटीहरू विदेशमा बेच्ने अपराधीले जेलमा प्रस्टै भन्छन्- हामीलाई ठुलाबडाले काम अऱ्हाउँछन्, हामी गर्छौं । अनि, उनीहरूले नै हामीलाई छुटाउँछन् । पञ्चायतकालमा राष्ट्रिय पञ्चायतका सदस्यहरू, मन्त्री, ठुलठुला जग्गाधनी र बाबुसाहेब र जिल्ला सभापतिहरूले छुटाउँछन् । ती हुन् - वकालत पेसामा लागेका र चुनावको बेला पैसा खर्च गरेर कानुनी संस्था, इन्जिनियरिङ सङ्गठन, प्राध्यापक सङ्गठन, चिकित्सक सङ्घ आदि । पैसा खर्च गरेर चुनावमा जित्नेहरूले खर्च उपर गर्न खोज्नु आश्चर्यको विषय भएन । निजी अस्पतालमा मात्रै होइन सरकारी अस्पतालमा समेत ठुलठुला रोगको क्षेत्रमा रोगीसँग लगाउने शुल्कको ६० प्रतिशत डाक्टरले र ४० प्रतिशत मात्रै अस्पताल अर्थात् सफाइ मजदुर, कर्मचारी र कार्यालय खर्चमा खर्च गर्न दिन्छन् । ती चिकित्सकहरू पनि सम्पन्न घरानाका छोराछोरी हुन्छन् र पैसा कमाउन डाक्टर पढेका हुन्छन्- रोगीको सेवा गर्न होइन ।

नेपालमा ज्यान सजाय खारेज गराउनमा अगुवाइ गर्ने नेकाका तत्कालीन प्रम कृष्णप्रसाद भट्टराई हुन् । ज्यान सजाय पाउनेहरू लामो जेल सजाय र जरिवानाको रूपमा लाख लाख रुपैयाँ तिर्न धनीहरू पछि हट्ने कुरै भएन । यसरी ज्यान सजाय नेपालमा हट्दा अपराध सङ्ख्या बढ्नु स्वाभाविक हो । निर्वाचन आउँदै छ - व्यापक प्रचारप्रसार र घोषणापत्रबारे छलफल हुँदै छ । भ्रष्टाचारमा कस्ता कस्ता व्यक्तिहरूको नाम आएको छ, हेरौँ-

१) राप्ती स्वास्थ्य प्रतिष्ठानसँग सिटिस्क्यान खरिद गर्दा सात करोड हिनामिना' (नयाँ पत्रिका, १६ माघ २०८२) ।

'तत्कालीन उपकुलपति भण्डारी, कामु रजिस्ट्रार र निर्देशकसहित १९ जनाविरुद्ध मुद्दा', 'प्राविधिक मूल्याङ्कन गर्दा सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी बोलपत्र कागजातमा उल्लेख भएभन्दा न्यून गुणस्तर तथा क्षमताको मेसिन स्वीकार गरेको अख्तियारको दाबी', 'सिटी स्क्यान मेसिन खरिदमा भ्रष्टाचार गरेको आरोपमा १९ जनविरुद्ध मुद्दा' शीर्षकको समाचारमा भनिएको छ - अपराध दुरुपयोग अनुसन्धान आयोगले 'नेपाल सरकार र प्रतिष्ठानलाई ७ करोड ३१ लाख ८२ हजार १ सय ८५ रुपैयाँ हानिनोक्सानी पुगेको निष्कर्ष निकालेको छ ।" (नेपाल समाचारपत्र-१६ माघ २०८२) ।

२) 'निर्वाचन प्रहरी' को पोशाक खरिदमा ४० करोड घोटाला' 'गृह मन्त्रालय र गृहमन्त्री अर्याल 'बेखबर' ।

'३ हजार ५ सय पर्ने निर्वाचन प्रहरीको पोशाकलाई ६ हजार ५ सयमा किनियो, 'पोशाक खरिदमा प्रहरी प्रधानकार्यालयको हस्तक्षेप', 'सीमित ठेकेदारलाई सेटिङ विभिन्न जिल्लामा आपूर्तिको जिम्मा', 'निर्वाचन प्रहरी भर्ना छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी एकीकृत कार्यविधि २०८२ उल्लङ्घन ।' - (राजधानी, १६ माघ ०८२)

३) 'पर्यटकको फर्जी उद्धार', किन लुकाइयो ७ वर्षसम्म प्रतिवेदन ?' (कान्तिपुर १६ माघ २०८२)

नेपालका हिमाली भागमा ट्रेकिङ र आरोहणमा जाने पर्यटकहरूलाई बिरामी बनाएर वा देखाएर हेलिकप्टरमार्फत उद्धार गर्ने, अस्पताल पुऱ्याउने र नक्कली कागजात तयार गरी बीमा कम्पनीबाट 'ठुलो रकम' असुल्ने धन्दा बढेको भन्दै अमेरिकी कम्पनी 'ट्राभलर असिस्ट' र कारबाही गर्न पटक-पटक छानबिन कार्यदल गठन गराउन खोज्दा पनि किन भएन भन्ने प्रश्न जीउँदो छ । 'ठुलो रकम' मा ठुलै माछा हुनुपर्ने चर्चा छ ।

# नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा शुभकामना !

✍ प्रतिज पहाडी, दैलेख

राष्ट्र र राष्ट्रियताको पहरेदार,
जनताको आँखाको नानी,
दिनदु:खी, श्रमिक, किसान र उत्पीडितवर्गको हक-हितमा
*सधैँ क्रियाशील, सिद्धान्तनिष्ठ र निर्भिक राजनीतिक दल - नेपाल मजदुर किसान पार्टी !*

५२ वर्षे राजनीतिक यात्रामा नेमकिपाले जनतासामु कहिल्यै झूट बोलेन, दलीय भागबन्डामा सहभागी भएन, सत्ता र सुविधाको लोभमा आफ्नो विचार बेचेन । रातो पासपोर्टको दुरूपयोग नगर्ने, आन्दोलनको नाममा ढुङ्गामुढा, तोडफोड, आगजनी र अराजकता नगर्ने, जघन्य अपराधीलाई संरक्षण नदिने र एनजीओ/आईएनजीओको दलालीबाट टाढा रहने पार्टीको रूपमा नेमकिपाले नेपाली राजनीतिमा स्वच्छ र अलग पहिचान बनाएको छ ।

नेमकिपा जनताबिच स्पष्ट विचार राख्ने पार्टी हो । समाजवादी गणतन्त्रको बहस अगाडि बढाउने, उत्पादनका मुख्यमुख्य साधनको राष्ट्रियकरण, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, व्यक्तित्व विकासमा समान अवसर, नि:शुल्क, अनिवार्य र श्रमसँग जोडिएको शिक्षा, गाउँ-सहर तथा शारीरिक-मानसिक श्रमबिचको भेद अन्त्य र क्रान्तिकारी भूमिसुधारका विषयमा नेमकिपा स्पष्ट र प्रतिबद्ध छ ।

क्रान्तिकारी संसद्वादको अभ्यास गर्दै नेमकिपाले संसद् र सडक दुवै ठाउँबाट देशको प्राकृतिक स्रोतसाधन जोगाउन सङ्घर्ष गरेको छ । देशको सार्वभौमिकता र स्वाधीनताका पक्षमा निरन्तर आवाज उठाएको छ । भारतीय नाकाबन्दी, महाकाली सन्धि, एमसीसी, एसपीपीजस्ता राष्ट्रिय हितविरुद्धका विषयमा सदन र सडकमा दृढ प्रतिरोध नेमकिपाले गरेको हो । मजदुर र किसानका मुद्दा सदनमा उठाउँदै ख्वप विश्वविद्यालय विधेयकजस्ता दूरदर्शी प्रस्ताव अघि सारेको पार्टी नेमकिपा नै हो ।

नेमकिपा स्पष्ट छ - निर्वाचनबाट क्रान्ति हुँदैन । निर्वाचन साधन हो, साध्य होइन । नेमकिपा पुँजीवादी सरकारमा सहभागी हुन होइन, प्रखर र इमानदार प्रतिपक्षको भूमिका निर्वाह गर्न प्रतिबद्ध छ । हरेक निर्वाचनलाई नेमकिपाले सत्ताको खेल होइन, जनतालाई सचेत, सङ्गठित र वैचारिकरूपमा सशक्त बनाउने खुला राजनीतिक शिक्षालयका रूपमा लिँदै आएको छ ।

भारतीय एकाधिकार पुँजी र विस्तारवाद तथा अमेरिकी साम्राज्यवादको विरोध नेमकिपाको स्पष्ट वैचारिक धार हो । नेपाल पछाडि पर्नुको मुख्य कारण भारतीय एकाधिकार पुँजी, सीमामाथिको अतिक्रमण, आन्तरिक राजनीतिमा हस्तक्षेप, असमान सन्धि-सम्झौता र प्राकृतिक स्रोतसाधनमाथिको गिद्देदृष्टि हो भन्ने सत्य नेमकिपाले जनतामाझ उजागर गर्दै आएको छ । कालापानीमा भारतीय सेनाको कब्जा, नेपाली भूमि समेटेर 'अखण्ड भारत' को नक्सा जारी गर्नु र एमसीसी-एसपीपीमार्फत नेपाललाई 'एसियाको युक्रेन' बनाउने प्रयासका विरुद्ध नेमकिपा अडिग रूपमा उभिएको छ ।

५२ औँ स्थापना दिवसको अवसरमा, राष्ट्र, राष्ट्रियता, सार्वभौमिकता र जनताको पक्षमा नेमकिपाले गर्दै आएको सिद्धान्तनिष्ठ सङ्घर्ष अझ सशक्त बनोस्, जनताको विश्वास अझ मजबुत होस् भन्ने कामनासहित पार्टीलाई हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

# सार्वजनिक सम्पत्ति हाम्रो होइन र ?



पाठक पत्र

भक्तपुरको देको मिवा-इतापाखे आयोजनाअन्तर्गत हालै सम्पन्न कालोपत्रे सडकले स्थानीयवासीमा विकासप्रति आशा जगाएको थियो । तर, सडक बनेको छोटो समयमै देखिन थालेका अव्यवस्थाले उक्त आशा क्रमश: निराशामा बदलिँदै गएको छ ।

नयाँ पिच गरिएको सडकमा लामो समयदेखि खानेपानीको पाइप चुहिएर पानी बगिरहनु, सडक पेटी बिगारेर गाडी आवतजावतका लागि छेउछाउका निजी जग्गामा माटो सम्याइनु गम्भीर समस्या बनेको छ । निजी जग्गामा गाडी लैजान पेटी नाघेर सवारी साधन चलाउँदा कतिपय स्थानमा पेटी भासिएको छ, जसले पैदलयात्रीको सुरक्षित आवागमनलाई जोखिममा पारेको छ । प्राविधिक दृष्टिले Bitumen (अलकत्रा) पानीप्रति अत्यन्त संवेदनशील मानिन्छ । यसरी निरन्तर पानी बगिरहनुले राज्यको ठुलो लगानी समयअगावै क्षति हुने खतरा बढाएको छ ।

सडक छेउमा रहेका मेनहोलमा ढक्कन नहुनु, कतिपय ठाउँमा ढल खुलै रहनु र त्यसबाट दुर्गन्ध फैलिनुले पैदलयात्री, बालबालिका तथा सवारी चालक सबैका लागि जोखिम बढाएको छ । साथै, सडकबत्तीको पर्याप्त व्यवस्था नहुनुले रातिको समयमा दुर्घटनाको सम्भावना अझै बढाएको छ ।

यस्तै अवस्था भक्तपुरकै सल्लाघारी-नगरकोट सडकखण्डका पेटीहरूमा पनि देखिएको छ । त्यहाँ पनि पेटी बिग्रिएको, अतिक्रमण भएको र पैदलयात्रीले सुरक्षितरूपमा हिँड्न नसक्ने अवस्था रहेको स्थानीयवासी बताउँछन् । यी समस्या देख्दादेख्दै सम्बन्धित निरीक्षक र सरोकारवाला निकायले वास्ता नगर्नु झन् चिन्ताजनक विषय हो ।

स्थानीय सरकार सञ्चालन ऐनअनुसार सार्वजनिक सडक, पेटी र ढल संरचनाको संरक्षण तथा व्यवस्थापन स्थानीय तहको जिम्मेवारी हो । सार्वजनिक सम्पत्तिमा निजी प्रयोजन हाबी हुनु र त्यसप्रति प्रभावकारी अनुगमन नहुनु जिम्मेवारीबाट पन्छिनु जस्तै देखिन्छ ।

सडक र पेटी कुनै व्यक्ति वा समूहको निजी सम्पत्ति होइनन् । यी सम्पूर्ण नागरिकको साझा सम्पत्ति हुन् । विकास भनेको नयाँ संरचना बनाउनुमात्र होइन, बनेका संरचनाको संरक्षण, गुणस्तर र दीर्घकालीन उपयोग सुनिश्चित गर्नु पनि हो । अब प्रश्न उठ्छ - सार्वजनिक सम्पत्ति हाम्रो होइन र ?

*- सत्य सुवाल*

# नवउदारवाद : सबै समस्याको प्रमुख कारक

✍ जर्ज मन्बिओट

कल्पना गरौँ ! सोभियत युनियनका जनताले साम्यवादका बारेमा सुनेकै थिएनन् । त्यस्तै, हाल हाम्रो जीवनलाई कज्याउने सिद्धान्तबारे हामीमध्ये धेरैलाई जानकारी छैन । कुनै बातचितको क्रम त्यस सिद्धान्तको उल्लेख गर्नुहोस् त ! जवाफमा कुम हल्लाएर अनभिज्ञता जाहेर गरिन्छ । तपाईँका कुरा सुनिरहेका स्रोताहरूले उक्त शब्दावली सुनेकै भए पनि त्यसलाई परिभाषित गर्न तिनीहरूलाई आच्छु आच्छु पर्छ । के तपाईँलाई थाहा छ ? नवउदारवाद भनेको के हो ।

यस सिद्धान्तको अनभिज्ञता नै यसको लक्षण र शक्ति दुवै हुन् । यसले विभिन्न कोटीका सङ्कटहरू पैदा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ : सन् २००७-८ को आर्थिक मन्दी, शक्ति र सम्पत्तिको स्थानान्तरण जसका बारे पनामा पेपर्सले हामीलाई एक सानो झझल्को मात्र देखाएको छ, जनस्वास्थ्य र शिक्षाको सुस्त विध्वंस, बाल गरिबीको पुनरोदय, एक्लोपनको महामारी, इकोसिष्टमको नाश, डोनाल्ड ट्रम्पको उदय आदि । तर, यी सङ्कटहरूलाई एकअर्कालाई मद्दत पुर्‍याउने वा चर्काउने एउटै सुसङ्गत दर्शनको 'नाम' छ वा थियो भन्ने याद गर्दैनौँ र यिनीहरूलाई बेग्लाबेग्लै सम्बोधन गर्छौं । नाम नै याद नगरिनु तर सञ्चालित भइरहनु योभन्दा अर्को शक्ति कुनै हुन्छ र ?

असमानतालाई सदाचारमा परिवर्तित गरिएको छ । बजारले नै जो जति पाउन योग्य छन् त्यति नै पाउछन् भन्ने सुनिश्चित गर्दछ ।

नवउदारवाद यति कुटिल भएको छ कि त्यसलाई एक सिद्धान्त हो भनेर हामी विरलै स्वीकार गर्ने गर्छौं । यस्तो लाग्छ, हामी यस सिद्धान्तलाई डार्बिनको विकासको सिद्धान्तजस्तै एकप्रकारको जैविक नियमजस्तै एउटा तटस्थ शक्तिको व्याख्या गर्ने काल्पनिक, सहश्राब्दिक विश्वासका रूपमा स्वीकारिरहेछौँ । तर, यो दर्शन मानव जीवनलाई पुन: आकार दिन र शक्तिको केन्द्र स्थानान्तरण गर्ने सचेत प्रयासका रूपमा प्रतिपादन गरिएको हो ।

नवउदारवादले प्रतिस्पर्धालाई मानव सम्बन्धहरूलाई परिभाषित गर्ने एक विशेषता हो भन्ने ठान्छ । यसले नागरिकहरूलाई उपभोक्ताका रूपमा पुनर्परिभाषित गर्छ, ती उपभोक्ताहरूका लोकतान्त्रिक अधिकारहरू वस्तु किन्न र बेच्नमा सर्वोत्कृष्ट रूपमा प्रयोग गर्न सकिन्छन् । यसको प्रक्रियाले काबिलियतलाई पुरस्कृत गर्छ र असक्षमतालाई दण्डित गर्छ र यसले योजना लागू गरेर कहिल्यै प्राप्त नहुने फाइदा 'बजार' बाट प्राप्त गर्न सक्छ भन्ने ठान्छ ।

यस सिद्धान्तअनुसार प्रतिस्पर्धालाई सीमित गर्ने प्रयासलाई स्वतन्त्रताको बैरी ठानिन्छ । कर र नियमनहरू कम गरिनुपर्छ, सार्वजनिक सेवाहरू नीजिकरण गरिनुपर्छ । मजदुर सङ्गठनहरू र ट्रेड युनियनका सामुहिक सौदाबाजीलाई बजार विकृतिकरणको रूपमा प्रस्तुत गरिन्छ, जुन विकृतिले विजेता र पराजितहरूको प्राकृतिक पदसोपान निर्धारण गर्न अवरोध खडा गर्छ । असमानतालाई सदाचारजस्तै पुन: प्रयोग गर्न सकिन्छ, अर्थात् जसलाई उपयोग र सम्पत्तिको सिर्जना गरेवापत दिइने एक पुरस्कार ठानिन्छ : जुन निम्न वर्ग कहाँ थोपा थोपा गर्दै पुग्छ । यसले समाजलाई बढी समानतामूलक निर्माण गर्ने प्रयासहरू प्रतिउत्पादक र नैतिकरूपमा नै विनाशकारी दुवै हुन् भन्ने ठान्छ । बजारले नै जो जति पाउनयोग्य छन् त्यति मात्र पाउने सुनिश्चित गर्छ भन्ने ठान्छ ।

हामी नवउदारवादका मतहरूलाई आत्मसात् र पुन: उत्पादन गरिरहेका छौँ । धनिहरू आफूले जोडेको सम्पत्तिमा शिक्षा, पैतृक अंश र वर्गको योगदानलाई नजरअन्दाज गर्दै त्यो सम्पत्ति आफ्नै योग्यताबाट प्राप्त गरेको ठान्दछन् । अनि गरिबहरू आफ्ना असफलताहरूको दोष आफैँलाई दिन्छन्, जबकि आफूले आफ्नो हालत परिवर्तन गर्न केही मात्रामा योगदान गर्नसक्ने अवस्थामा पनि यस्तो ठान्छन् ।

नवउदारवादका परिणामहरूबारे पौल भरहेगले आफ्नो पुस्तक 'ह्वाट एबाउट मी ?' मा उल्लेख गरेका छन्, ती मध्ये स्व-हानि, अब्यवस्थित खानपान, डिप्रेसन (मानसिक विरक्ति), एकाङ्गीपन, कार्यसम्पादन चिन्ता र सामाजिक भयजस्ता माहामारी हुन् । निसन्देह नवउदारवादको सबैभन्दा घनिभूत प्रयोग भएको बेलायत नै युरोपको एकाङ्गीपनको राजधानी हो भन्दा उदेक मान्नुपर्ने छैन । अब त हामी सबै नवउदारवादी हौँ ।

नवउदारवाद भन्ने शब्द सन् १९३८ मा पेरिसमा सम्पन्न एउटा बैठकमा निर्माण भयो । उपस्थित प्रतिनिधिहरूमध्ये लुडविक भन मिसेस र फ्रेडरिक हायेक दुईजनाले यो सिद्धान्तको परिभाषित गरेका थिए । ती दुवै अष्ट्रियाबाट निष्कासित भएका थिए र उनीहरूले रुजवेल्टको न्यु डिल र बेलायतको कल्याणकारी राज्यको क्रमिक विकासबाट प्रस्तुत भएको सामाजिक जनवादभित्र नाजीवाद र साम्यवादले जतिकै व्यापकता ओगट्ने सामूहिकताको झलक देखे ।

सन् १९४४ मा प्रकाशित हायेकको 'दि रोड टु सर्फडम' (दासत्वको मार्ग) नामक पुस्तकमा, उनले व्यक्तिवादलाई ध्वस्त पारेर अपनाइने सरकारी योजनाले निर्ममताका साथ निरङ्कुशतातर्फ नै डोर्‍याउनेछ भनी तर्क गरे । यो पुस्तक पनि मिसेसको पुस्तक ब्युरोक्रयासी जस्तै ब्यापक रूपमा पढियो । यसले केही धनाढ्यहरूको ध्यान खिच्यो, जसले यो दर्शनभित्र उनीहरूले आफूहरूलाई कर र नियमनबाट मुक्ति दिने एक अवसर देखे । जब सन् १९४७ मा, हायेकले नवउदारवादको सिद्धान्त फैलाउन 'मोण्ट पेरेलिन सोसाइटी' स्थापना गरे, त्यसलाई कैयौँ करोडपतिहरू र तिनका फाउन्डेसनहरूले आर्थिकरूपले भरथेग गरे ।

ती धनाढ्यहरूको सहयोगमा, हायेकले डानियल स्टेडमेनले मास्टर्स अफ दी युनिभर्समा व्याख्या गरे जस्तै, "आन्ध्र महासागर वरपरका ब्यापारी, पत्रकार, विद्वतवर्ग र सक्रियकर्मीहरू रहेको - एक नवउदारवादी अन्तर्राष्ट्रिय मञ्च" स्थापना गर्न खोजे । यस अभियानका धनी समर्थकहरूले नवउदारवादको सिद्धान्तलाई परिस्कृत बनाउन र त्यसको प्रबर्धन गर्न श्रृङ्खलाबद्ध थिङ्क ट्याङ्कहरूलाई कोष उपलब्ध गराए । तीमध्ये केही अमेरिकन इन्टरप्राइज इन्स्टिट्युट, दि हेरिटेज फाउण्डेसन, दि काटो इन्स्टिट्युट, दि इन्स्टिट्युट अफ इकोनोमिक अफेयर्स, दि सेन्टर फर पलिसी स्टडीज र अडाम स्मिथ इन्स्टिट्युट थिए । ती धनाढ्यहरूले विश्वविद्यालयहरूका प्राज्ञिक पदहरू तथा विभागहरूलाई, विशेषगरी शिकागो र भर्जिनियामा पनि लगानी गरे ।

विकसित हुँदै जाँदा, नवउदारवाद अत्यधिक उग्र बन्दै गयो । एकाधिकारहरू निर्माण हुनबाट रोक्न सरकारको नियमन आवश्यक छ भन्ने हायेकको परिकल्पनालाई मिच्दै एकाधिकारवादी शक्तिलाई दक्षताको पुरस्कार ठान्ने मिल्टन फ्रिडमेनजस्ता अमेरिकी उत्प्रेरकहरू देखा परे ।

यस्तो सङ्क्रमणको क्रममा कुनै अर्कै कुरा भयो : अभियानले आफ्नो नाम गुमायो । सन् १९५१ मा, फ्रिडमेन आफूलाई नवउदारवादी भनेर चिनाउन खुबै गर्व गर्थे । तर, त्यसको लगत्तै, यो शब्द एकाएक गायब हुन थाल्यो । अझ अचम्म त, सिद्धान्त खरो र अभियान सङ्गठित बनिरहेको अवस्थामा पनि अभियानकर्ताहरूले गायब नामको ठाउँमा कुनै साझा विकल्प प्रतिस्थापन गर्न सकेनन् ।

सुरूवाती अवस्थामा, प्रचुर लगानीका बाबजुद पनि नवउदारवाद किनारामै रह्यो । युद्ध पछिको सहमति लगभग सर्वमान्य थियो : जोन मेनार्ड किन्सका आर्थिक घोषणाहरू ब्यापक कार्यान्वयन गरिए, अमेरिका र पश्चिम युरोपका अधिकांश मुलुकहरूमा पूर्ण रोजगारी र गरिबीमा राहत साझा लक्ष्य बनेका थिए । त्यहाँ करको दर उच्च नै थिए र सरकारहरू नयाँ सार्वजनिक सेवाहरू तथा सेफ्टी नेट्सहरू विकास गर्दै विनासङ्कोच सामाजिक प्रतिफल खोजिएकै थिए ।

तर, सन् १९७० मा, जब किन्सका नीतिहरू असफल हुनुका साथसाथै आर्थिक मन्दीले आन्ध्र महासागरका दुवै किनारालाई गाँज्यो, नवउदारवादी विचारहरू मूलधारमा प्रवेश गर्न थाले । फ्राइडमेनका अनुसार "जब तपाईँले परिवर्तन हुनुपर्ने समय आइपुग्यो ... त्यहाँ टिपीनका लागि तयार विकल्प उपलब्ध थियो ।" सहानुभूति राख्ने पत्रकारहरू र राजनीतिक सल्लाहकारहरूको सहयोगमा, अमेरिकामा जिम्मी कार्टरको प्रशासनले र बेलायतमा जिम कालाघानको सरकारले नवउदारवादका मूल तत्त्वहरू, विशेषत: मौद्रिक नीतिका सुझावहरू अँगीकार गरे ।

मारग्रेट थ्याचर र रोनाल्ड रेगन सत्तामा आएपछि, प्याकेजका अन्य तत्वहरू : धनिहरूका उच्च करमा व्यापक कटौती, ट्रेड युनियनहरूलाई तहसनहस, नियमनको खारेजी, निजीकरण र सार्वजनिक सेवाहरूमा प्रतिस्पर्धा र ठेक्कापट्टाबाट कामदार नियुक्ति गरिनेजस्ता कुराहरू एकपछि अर्को गर्दै आए । आईएमएफ, विश्व बैङ्क, मास्ट्रिच सन्धि र विश्व व्यापार सङ्घमार्फत कुनै प्रजातान्त्रिक सहमति बेगर नवउदारवादी नीतिहरू विश्वका धेरै भागमा थोपरिए । उल्लेखनीय कुरा त के छ भने एक समय वामपन्थी भनिएका पार्टीहरूले पनि यी नीतिहरू लागु गरे : उदाहरणका लागि लेबर र डेमोक्रयाटहरू (नेपालका कम्युनिस्टहरू समेत-अनु) । त्यसैले स्टेडम्यान जोन्स टिप्पणी गर्छन्, "पूर्णरूपले साकार भएको अर्को कुनै कल्पनाको संसारबारे सोच्न कठिन भएको छ ।"

छनोटको व्यवस्था हुनेछ भनी वाचा गर्ने सिद्धान्तको प्रवर्धन गर्दा 'यहाँ कुनै विकल्प हुनेछैन' भन्ने नाराबाट गर्नुपर्थ्यो भन्दा अचम्म लाग्न सक्छ । तर, व्यापकरूपमा कार्यकम लागु भएका मुलुकहरू मध्येको एक पिनोचेको चिलीको भ्रमण-समयमा हायेकले भने, "मेरो झुकाव नवउदारवादबिनाको प्रजातान्त्रिक सरकार भन्दा उदार तानाशाही तर्फ हुनेछ ।" नवउदारवादले प्रदान गर्ने स्वतन्त्रता यति कपटपूर्ण छ की सरलभाषामा भन्नु पर्दा माछाहरूलाई हैन आफैलाई मार्ने भाला छान्नु हो । ट्रेड युनियन र सामूहिक सौदाबाजीबाट मुक्तिको अर्थ ज्याला घटाउने स्वतन्त्रता हुन्छ । नियमनबाट मुक्तिको अर्थ नदीहरूलाई बिषाक्त बनाउने, श्रमिकहरूलाई खतरामा पुर्‍याउने, अन्यायपूर्ण ब्याज लिने र अनौठा वित्तीय सन्धिसम्झौताहरू तयार पार्ने स्वतन्त्रता हुनजान्छ । कर मुक्तिको अर्थ सम्पत्तिको वितरण (जसबाट मानिसहरूलाई गरिबीबाट उन्मुक्ति दिन सकिन्थ्यो) हुननदिने स्वतन्त्रता हुन्छ ।

नाओमी क्लेइनले 'द शक डक्ट्रिन' मा उल्लेख गरे जस्तै, नवउदारवादी सिद्धान्तकारहरूले सङ्कटहरूको अवस्थामा मानिसहरू अल्मलिएको बेला अलोकप्रिय नीतिहरू लागु गरिनुपर्छ भनी वकालत गरे : उदाहरणका लागि पिनोचेको सैनिक कु, इराक युद्ध र क्याटरिना आँधी लगत्तै फ्रिडम्यानले न्यु अर्लिन्समा "शिक्षा व्यवस्थामा आमूल सुधार गर्ने अवसर" का रूपमा व्याख्या गरे ।

जहाँ नवउदारवादी नीतिहरू राष्ट्रिय रूपमा लाद्न सकिदैन, त्यहाँ "लगानीकर्ता र राज्य बिचका विवाद समाधान" सहितको ब्यापार सन्धि मार्फत अन्तरराष्ट्रिय रूपले लादिने गरिएका छन् : मुलुकबाहिरका इजलासमा व्यापारिक निगमहरूले सामाजिक र वातावरण सुरक्षाका शर्तहरूविरुद्ध मुद्दा हाल्न सक्नेछन् । जब चुरोट बिक्री नियन्त्रण गर्ने, माइनिङ कम्पनीहरूबाट जल आपूर्ति जोगाउने, उर्जा विधेयक रोक्का गर्ने वा औषधि उत्पादकहरूलाई राज्य लुट्न नदिने पक्षमा व्यवस्थापिका संसद्हरूले मतदान गरेका छन् त्यस्तो अवस्थामा व्यापारिक निगमहरूले तीविरुद्ध मुद्दा हालेका छन् र प्राय: सफल पनि भएका छन् । लोकतन्त्र यसरी नाट्यमञ्चमा परिणत भएको छ ।

नवउदारवादको अर्को असङ्गति भनेको सर्वव्यापी प्रतिस्पर्धा आम परिमाण र तुलनामाथि भर पर्नु हो । जसको परिणामस्वरूप विजेताहरू पहिचान गर्न र हरूवाहरूलाई दण्डीत गर्न गरिने कानुनी प्रपञ्च, मूल्याङ्कन र अनुगमनसम्बन्धी घाँटी निमोठ्ने ब्यवस्थाहरूलाई प्रत्येक कामदार, कामको खोजीमा रहेकाहरू र हरेक किसिमका सार्वजनिक सेवाहरूले सामना गर्न बाध्य बन्छन् । हामीलाई केन्द्रीय योजनाको भयानक ऐँठनबाट मुक्त बनाउने उद्देश्य राखी भन मिसेसले प्रस्ताव गरेको सिद्धान्तले ठिक त्यस्तै अर्को ऐँठन गराएको छ ।

नवउदारवादलाई स्वपोषण गर्ने गिरोह बनाउने परिकल्पना गरिएको थिएन तर त्यो द्रुतगतिमा त्यही बन्न पुग्यो । नवउदारवादी युग सुरु हुनु एक दशकअघि (सन् १९८० देखि अमेरिका र बेलायतमा) आर्थिक वृद्धि उल्लेख्य रूपमा कम रह्यो, तर धेरै धनिहरू यस्तो मारमा परेनन् । ६० वर्षको गिरावटपछि, ट्रेड युनियनहरूको तहसनहस, कर कटौती, रेन्टमा वृद्धि, निजीकरण, नियमनको अन्त्यका कारणहरूले गर्दा त्यस दशकमा आय र सम्पत्ति दुवैको वितरणमा अत्यधिक असमानता बढ्यो ।

ऊर्जा, पानी, रेल, स्वास्थ्य, शिक्षा, सडकहरू र झ्यालखानहरूको निजीकरण वा बजारीकरणले आवश्यकीय सम्पत्ति र सेवाहरूको उपयोग गरेबापत नागरिकहरू वा सरकारबाट रेन्ट असुल्न कर्पोरेसनहरूलाई ती सेवाहरू दिने स्थानमा ढाट राख्न पाएका छन् । रेन्ट भनेको आर्जन नगरिएको आयको अर्को नाम हो । जब तपाईँ रेल टिकटको बढाइएको भाडा तिर्नुहुन्छ, तपाईँले तिरेको मूल्यको थोरै अंशले नै सञ्चालकहरूको इन्धन, ज्याला, खर्च हुने सामानहरू र अन्य खर्चहरू धान्छ । बाँकी अंशले तपाईँ उनीहरूबाट कति निचोरिनु भयो प्रस्ट गर्छ ।

बेलायतका निजीकृत वा अर्ध निजीकृत सेवाहरूका मालिकहरूले थोरै लगानी गरी चर्को सेवा शुल्क असुलेर अकूत सम्पति कमाउँछन् । रुस र भारतमा कुलिनहरूले, राज्यको सम्पत्तिलाई लिलामीबाट कौडीको मूल्यमा किनेका छन् । मेक्सीकोमा प्राय: सबै ल्यान्डलाइन र मोबाइल फोन सञ्चालन गर्न नै कार्लोस स्लिमलाई इजाजत दिइयो र उनी चाँडै नै विश्वका एक अति धनाढ्य बने ।

वित्तीयकरणका पनि लगभग त्यस्तै परिणामहरू निस्किएका छन् । यसबारे हवाई वी क्यान नट अफोर्ड द रिच नामक पुस्तकमा एन्ड्रयु सेयरले उल्लेख गरेका छन् । उनी भन्छन्, "रेन्ट जस्तै ब्याज पनि आर्जन नगरिएको आय हो, जुन कुनै प्रयत्न नगरिकनै बढिरहन्छ ।" गरिब झन् गरिब र धनी झन् धनी बन्दै जान्छन् भने धनीहरूले अर्को महत्त्वपूर्ण सम्पत्ति जुन पैसा हुनसक्छ माथि नियन्त्रण बढाउँदै लान्छन् । ब्याज भुक्तानी भनेको मूलत: गरिबबाट धनीमा पैसाको स्थानान्तरण हो । आकासिँदो सम्पत्तिको मूल्य र राज्यको लगानीका कारणले जब मानिसहरूमाथि ऋणको बोझ बढ्छ (विद्यार्थीलाई दिइने अनुदान विद्यार्थीलाई दिइने ऋणमा परिणत भएको सम्झनुहोस्) तब बैङ्कहरू र तिनका कार्यकारीहरूले नाफा कमाउँछन् ।

एन्ड्रयु सेयर तर्क गर्छन् - विगतका चार दशकको विशेषता भनेको सम्पत्ति गरिबहरूबाट धनीमा स्थानान्तरण मात्र नभएर धनीहरूकै विभिन्न तहहरूबिच पनि सम्पत्ति स्थानान्तरण हुनु हो । यस्तो स्थानान्तरण नयाँ वस्तु वा सेवा उत्पादन गरी पैसा कमाउनेहरूबाट विद्यमान सम्पत्तिमाथि नियन्त्रण राख्दै र रेन्ट, ब्याज तथा पुँजीगत लाभ उठाएर पैसा कमाउनेहरूमा भइरहेको छ । आर्जीत आयलाई आर्जन नगरिएको आयले विस्थापन गरेको छ ।

हाल नवउदारवादी नीतिहरू जताततै बजारका असफलताहरूले घेरिका छन् । असफल बैङ्कहरूमात्र होइनन्, सार्वजनिक सेवा प्रदान गर्ने जिम्मा पाएका कर्पोरेसनहरू पनि त्यही पङ्क्तिमा लामबद्ध छन् । 'इल फेर्यस् द ल्यान्ड' मा टनी जुड्तले औँल्याएजस्तै हायेकले के बिर्से भने महत्त्वपूर्ण राष्ट्रिय सेवाहरूलाई विनाश हुने

बाँकी पृष्ठ ७ मा



नवउदारवादका प्रणेता मानिएका बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचर र अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन




युद्धविराम सम्झौताको हाकाहाकी उल्लङ्घन गर्दै गाजापट्टीमा मिसाइल हमला गरी निर्दोष र निहत्था प्यालेस्टिनीहरूको हत्या भइरहेको विरुद्ध संयुक्त अधिराज्यको राजधानी लन्डनमा भएको विरोध प्रदर्शन जनवरी ३१, २०२६ का दिन । *तस्बिर : प्रेस टिभी*

# न्यु स्टार्टको अन्त्य, आणविक नियन्त्रणको अनिश्चित भविष्य

वासिङ्टन, १८ माघ (एएफपी) । बिहीबार अन्तिम-मिनेट परिवर्तन नभए विश्वको अन्तिम प्रमुख आणविक हतियार नियन्त्रण सन्धि न्यु स्टार्टको म्याद सकिँदैछ । शीतयुद्धकालदेखि निरन्तर हुँदै आएका अमेरिका र रूसबिचका सम्झौताहरूको अन्तिम कडी मानिएको यो सन्धि समाप्त भएसँगै विश्व आणविक सुरक्षाको नयाँ र अनिश्चित चरणमा प्रवेश गर्ने देखिएको छ ।

वासिङ्टन र मस्कोबिच लागु न्यु स्टार्ट सन्धिले दुवै देशलाई तैनाथ रणनीतिक आणविक हतियारको सङ्ख्या सीमित गरेको थियो । तर 'अमेरिका फर्स्ट' नीतिलाई प्राथमिकता दिँदै राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तर्राष्ट्रिय सम्झौताप्रति देखाएको उदासीनताबिच यसको म्याद समाप्त हुन लागेको हो । यस विषयमा विचारधाराभन्दा पनि स्पष्ट निर्णयको अभाव प्रमुख कारण बनेको विश्लेषकहरू बताउँछन् ।

सेप्टेम्बरमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन्धिको म्याद एक वर्ष थप्ने प्रस्ताव राखेका थिए । त्यसबेला ट्रम्पले पत्रकारको प्रश्नमा यो विस्तार राम्रो विचार हुनसक्ने प्रतिक्रिया दिएका थिए । तर त्यसयता ठोस प्रगति देखिएको छैन ।

रुसका पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवले मस्कोले न्यु स्टार्टबारे अमेरिकाबाट कुनै स्पष्ट जवाफ नपाएको बताए पनि अझै समय पर्खिरहेको जनाएका छन् । ह्वाइट हाउसका एक अधिकारीका अनुसार ट्रम्प आणविक हतियारमा सीमा तय गर्ने र हतियार नियन्त्रण वार्तामा चीनलाई समेट्ने पक्षमा छन् । तर त्यसको प्रक्रिया उनले आफ्नै समयरेखामा स्पष्ट गर्नुहुनेछ ।

हतियार नियन्त्रण क्षेत्रमा काम गर्ने विज्ञहरूका अनुसार ट्रम्प प्रशासनको कार्यशैलीले जटिल कूटनीतिक वार्तालाई कठिन बनाएको छ । न्यु स्टार्टको समाप्तिले 'विनाशको प्रतीकात्मक घडी' लाई मध्यराततर्फ अझ नजिक ल्याएको विज्ञहरूको भनाइ छ, जसले मानवता कति जोखिमको नजिक छ भन्ने सङ्केत गर्छ ।

रुसले सन् २०२३ मै न्यु स्टार्टका केही प्रावधान निलम्बन गरिसकेको थियो । विश्लेषकहरूका अनुसार सन्धि अब केवल औपचारिकतामा सीमित भइसकेको थियो । यसको अन्त्यपछि अमेरिका र रुसले एकअर्काको आणविक कदमलाई नजिकबाट नियाल्ने र आवश्यक परे प्रतिक्रिया दिने रणनीति अपनाउने सम्भावना छ ।

न्यु स्टार्टले दुवै देशलाई अधिकतम एक हजार ५५० तैनाथ रणनीतिक आणविक हतियारमा सीमित गरेको थियो । चीनको तीव्र रूपमा बढ्दो आणविक क्षमता पनि यस बहसको केन्द्रमा छ । यसअघि बाइडेन प्रशासनले सन्धि सन् २०२६ सम्म विस्तार गरे पनि अब त्यो अवधि समाप्त हुँदैछ ।

अमेरिका र रुसबाहेक फ्रान्स, बेलायत, भारत, पाकिस्तान, इजरायल र उत्तर कोरियासँग पनि आणविक हतियार छन् । तर न्यु स्टार्टको अन्त्यसँगै विश्वव्यापी आणविक नियन्त्रण प्रणाली कमजोर हुने चिन्ता अन्तर्राष्ट्रिय समुदायमा बढ्दै गएको छ ।

# अफगान फर्केकाहरूको कठोर वास्तविकता

काबुल, १८ माघ (एएफपी) । घरेलु द्वन्द्व, असुरक्षा र गरिबीबाट ज्यान जोगाउँदै दशकौँअघि छिमेकी मुलुकतर्फ गएका लाखौँ अफगान नागरिक अहिले पुनः आफ्नो देश फर्कन बाध्य छन् । लामो समयसम्म शरण दिएका पाकिस्तान र इरानले पछिल्लो समय निर्वासन प्रक्रिया तीव्र पारेपछि लाखौँ अफगान सीमापार फर्किएका छन् ।

परिवारसहित सीमामा आइपुगेका वा एक्लै फर्किएका सबैका लागि गरिबी, कमजोर पूर्वाधार र वातावरणीय समस्याले घेरिएको अफगानिस्तानमा नयाँ जीवन सुरु गर्नु ठुलो चुनौती बनेको छ । फर्किएपछि उनीहरूले भोग्नुपरेका मुख्य कठिनाइहरू के-के छन् भन्ने विषयमा एएफपीले स्थलगत अवस्था समेटेको छ ।



आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) का अनुसार सन् २०२३ को सेप्टेम्बरदेखि अहिलेसम्म इरान र पाकिस्तानबाट ५० लाखभन्दा बढी अफगान नागरिक स्वदेश फर्किएका छन् । आइओएमका अफगानिस्तानस्थित उपप्रमुख मुत्या इजोरा मास्कुनका अनुसार यो सङ्ख्या देशको कुल जनसङ्ख्याको करिब १० प्रतिशत बराबर हो ।

गत वर्ष मात्रै करिब ३० लाख अफगानले सीमा पार गरी स्वदेश फर्किएका थिए । तीमध्ये धेरैले विदेशमा दशकौँ बिताएका थिए । यति ठुलो सङ्ख्यामा मानिसको आगमन कुनै पनि देशका लागि व्यवस्थापन गर्न अत्यन्त गाह्रो हुने मास्कुनको भनाइ छ ।

फर्किएपछि आवास सबैभन्दा गम्भीर समस्या बनेको छ । सेप्टेम्बर २०२३ देखि डिसेम्बर २०२४ को बिचमा फर्किएका एक हजार ३३९ आप्रवासीहरूमाथि गरिएको आइओएमको सर्वेक्षणअनुसार अफगानिस्तान आइपुगेको केही महिनापछि ८० प्रतिशत मानिससँग स्थायी घर थिएन । उनीहरू ढुङ्गा, माटो वा अस्थायी सामग्रीबाट बनाइएका झुपडीमा बस्न बाध्य थिए ।

यस्तै, संयुक्त राष्ट्र शरणार्थी एजेन्सी (युएनएचसिआर) ले गत वर्ष जनवरीदेखि अगस्टसम्म फर्किएका अफगानहरूसँग गरेको अर्को सर्वेक्षणले पनि अवस्था कठिन रहेको देखाएको छ । सर्वेक्षणमा सहभागी तीन चौथाइ भाडामा बस्ने परिवारले भाडा तिर्न नसक्ने अवस्था रहेको बताएका थिए । धेरैजसो परिवारहरू चार जनासम्म एउटै कोठामा बस्न बाध्य रहेको तथ्य एक हजार ६५८ फर्केका व्यक्तिको विवरणबाट खुलेको छ ।

रोजगारीको अवस्था झनै निराशाजनक छ । आइओएमको सर्वेक्षणअनुसार पाकिस्तान र इरानबाट फर्किएका वयस्कमध्ये केवल ११ प्रतिशत मात्रै पूर्ण रूपमा रोजगारीमा छन् । युएनएचसिआरका अनुसार गत वर्षको सुरुका महिनामा फर्किएका मानिसहरूको औसत मासिक आम्दानी २२ डलरदेखि १४७ डलरसम्म मात्र थियो । यो आम्दानीले परिवारको आधारभूत आवश्यकता पूरा गर्नसमेत कठिन भएको देखिन्छ ।

आवास र रोजगारीसँगै आधारभूत सेवाको अभाव पनि ठुलो चुनौती बनेको छ । आइओएमका अनुसार फर्किएका आधाभन्दा बढी घरपरिवारमा स्थिर बिजुली आपूर्ति छैन । विशेषगरी महिलाको नेतृत्वमा रहेका घरपरिवारहरू अझ बढी जोखिममा छन् । यस्ता घरपरिवारमध्ये करिब आधाले सुरक्षित पिउने पानीको पहुँच पाउन गम्भीर सङ्घर्ष गरिरहेको आइओएमले जनाएको छ ।

सरकारले फर्केकाहरूका लागि केही राहत उपाय अघि बढाएको जनाएको छ । अफगान सरकारका उपप्रवक्ता हमदुल्ला फितरातले जनवरीको मध्यतिर देशभर फर्किएका नागरिकलाई तीन हजारभन्दा बढी जग्गा वितरण गरिएको जानकारी दिनुभएको थियो । सर्वोच्च नेतासँग भएको विशेष बैठकपछि यो प्रक्रिया थप तीव्र बनाइएको उहाँको भनाइ छ ।

अफगानिस्तान प्रवेश गरेपछि फर्किनेहरूले सामान्यतया यातायात खर्च, सिम कार्ड र केही नगद सहयोग पाउने गरेका छन् । तर यति ठुलो सङ्ख्यामा फर्किरहेका नागरिकका लागि यी सहायता पर्याप्त नभएको स्थानीय अवस्था र अन्तर्राष्ट्रिय संस्थाहरूको मूल्याङ्कनले देखाएको छ । दीर्घकालीन पुनःस्थापना, रोजगारी र आधारभूत सेवामा ठोस सुधार नभएसम्म फर्केकाहरूको जीवन अझै कठिन रहने सङ्केत स्पष्ट देखिन्छ ।

## विश्व सङ्क्षेप

# अमेरिकी विशेष दूतको भेनेजुयला भ्रमण, द्विपक्षीय वार्ता अघि बढ्ने

काराकास,१८ माघ (सिन्ह्वा) । भेनेजुयलाका विदेशमन्त्री इभान गिलले अमेरिकी सरकारको विशेष दूत तथा कूटनीतिज्ञ लौरा डोगु औपचारिक कार्यसूचीका साथ भेनेजुयला आइपुगेको जानकारी दिनुभएको छ । शनिबार टेलिग्राममार्फत जानकारी सार्वजनिक गर्दै गिलले यो भ्रमण अमेरिका र भेनेजुयलाबिच जारी कूटनीतिक सम्पर्क र संवादको निरन्तर प्रयासको महत्त्वपूर्ण हिस्सा भएको बताउनुभयो ।

उहाँका अनुसार दुवै पक्षबिच हुने वार्ताको मुख्य उद्देश्य द्विपक्षीय चासोका राजनीतिक, कूटनीतिक र रणनीतिक विषयहरूमा स्पष्ट र व्यवहारिक कार्ययोजना (रोडम्याप) तय गर्नु हो । साथै विगतदेखि रहँदै आएका मतभेद, असहमति र विवादास्पद विषयहरूलाई शान्तिपूर्ण र कूटनीतिक संवादमार्फत सम्बोधन तथा समाधान गर्ने प्रयास गरिनेछ। विदेशमन्त्री गिलले यो सम्पूर्ण प्रक्रिया पारस्परिक सम्मान, समानता र अन्तर्राष्ट्रिय कानुनको पूर्ण पालना गर्दै अघि बढाइँदै आएकोमा जोड दिँदै, यी सिद्धान्तहरू नै अमेरिका-भेनेजुयला सम्बन्धलाई मार्गदर्शन गर्ने आधारभूत मान्यता भएको स्पष्ट पार्नुभयो ।

# पाकिस्तानमा सडक दुर्घटना ४ को मृत्यु, २७ घाइते

इस्लामाबाद, १८ माघ (सिन्ह्वा) । पूर्वी पाकिस्तानमा शुक्रबार भएको सडक दुर्घटनामा ४ जनाको मृत्यु भएको र २७ जना घाइते भएका छन् । दुर्घटना ठुला सवारी साधन र निजी गाडीको ठक्करबाट भएको बताइएको छ ।

स्थानीय प्रहरीले घटनास्थलमा पुगेर घाइतेहरूलाई नजिकैको अस्पतालमा पुऱ्याएका छन् र उद्धार तथा सुरक्षा कार्य जारी रहेको जनाएको छ । प्रहरीका अनुसार, दुर्घटनाको प्रारम्भिक अनुसन्धानले चालकको लापरबाही र सडकको असुरक्षित अवस्थाले दुर्घटना निम्त्याएको सङ्केत गरेको छ ।

स्थानीय प्रशासनले नागरिकलाई अपिल गर्दै सुरक्षित रूपमा यात्रा गर्न र सडक नियमको पालन गर्न चेतावनी दिएको छ । अस्पतालमा उपचाररत घाइतेहरूमध्ये केहीको अवस्था गम्भीर रहेको जनाइएको छ ।

प्रहरी र आपतकालीन सेवा टोलीले थप अनुसन्धान गर्दै दुर्घटनाका वास्तविक कारण पत्ता लगाउने प्रयास गरिरहेका छन् ।

# बलोचिस्तानमा पाकिस्तान सेनाको अपरेसन जारी, ९२ आतङ्कवादी मारिए

इस्लामाबाद, १८ माघ (सिन्ह्वा) । पाकिस्तानका सुरक्षा बल तथा कानून प्रवर्तन निकायहरूले बलोचिस्तान प्रान्तमा आतङ्कवादी गतिविधि असफल पार्दै शनिबार ९२ आतङ्कवादी मारिएको घोषणा गरेका छन् । उक्त अपरेशन प्रान्तभर आतङ्क फैलाउने योजना रोक्न र स्थानीय जनजीवन तथा विकासमा सुरक्षा सुनिश्चित गर्न गरिएको थियो ।

सैनिक प्रवक्ताका अनुसार, आतङ्कवादीहरूले ग्वादर, खारण र अन्य जिल्लामा विभिन्न आक्रमणको योजना बनाएका थिए । यस्ता आक्रमणले स्थानीय जनजीवन सङ्कटमा पार्ने र क्षेत्रीय विकासमा बाधा पुऱ्याउने खतरा थियो । सुरक्षा अपरेशनको क्रममा ग्वादर र खारणमा १८ निर्दोष नागरिकको मृत्यु भएको छ भने १५ सैनिक शहीद भएका छन् ।

पाकिस्तान सैन्य प्रवक्ताले भन्नुभयो,"गत दुई दिनमा सम्पन्न सफल अभियानपछि बलोचिस्तानमा जारी अपरेशनमा मारिएका आतङ्कवादीको सङ्ख्या १३३ पुगेको छ । यसमा शुक्रबार मारिएका ४१ आतङ्कवादी पनि समावेश छन् । हाम्रो लक्ष्य आतङ्कवादीहरूको दुष्ट योजना असफल बनाउनु हो ।"

सैन्य अधिकारीहरूले थप जानकारी दिँदै प्रभावित क्षेत्रमा सुरक्षा र सफाइ अपरेशन निरन्तर जारी राखिने र आतङ्कवादी गतिविधिमा संलग्न सबै अपराधी र सहयोगीहरूलाई न्यायको कठघरामा ल्याइने भनेका छन् ।

इन्टेलिजेन्स रिपोर्ट अनुसार, यी आक्रमणहरू पाकिस्तान बाहिरबाट सञ्चालित आतङ्कवादी समूहका नेताहरूले योजनाबद्ध र निर्देशित गरेका थिए । सैनिक प्रवक्ताले भन्नुभयो, "हामीले आतङ्कवादको दुष्ट योजनालाई सफल हुन नदिई थाम्न सफल भयौं । यस अभियानले बलोचिस्तानको सुरक्षा र विकास सुनिश्चित गर्नेछ ।"

बलोचिस्तान प्रान्त पाकिस्तानको रणनीतिक दृष्टिले महत्त्वपूर्ण क्षेत्र हो । यहाँ बन्दरगाह शहर ग्वादर, प्राकृतिक स्रोत र आर्थिक परियोजनाहरू रहेका छन् । विगत केही वर्षदेखि यो क्षेत्रमा विभिन्न आतङ्कवादी समूह सक्रिय रहेका छन् । पाकिस्तानले नियमित रूपमा सुरक्षा अपरेशन सञ्चालन गर्दै आएको छ, जसले आतङ्कवादी गतिविधिलाई रोक्न र स्थानीय जनजीवन सुरक्षित बनाउन सहयोग पुऱ्याएको छ ।

सैन्य अधिकारीहरूले नागरिकलाई अपील गर्दै उनीहरूले सुरक्षा बलसँग सहकार्य गर्नु आवश्यक छ र आतङ्कवादी गतिविधिको सूचना तुरुन्त सम्बन्धित निकायलाई दिनुपर्ने जनाएका छन् ।

**नेपाल क्षयरोग निवारण संस्था**

जिल्ला शाखा, भक्तपुर

यस नेपाल क्षयरोग निवारण संस्था, भक्तपुर शाखाको ४६ औँ जिल्ला सभा निम्न मिति, समय र स्थानमा हुने हुँदा पत्र प्राप्त भइसकेका सम्पूर्ण सदस्यज्यूहरूलाई यसै सूचनालाई आधार मानी गरिमामय उपस्थितिका लागि सादर आमन्त्रण गर्दछौँ ।

**कार्यक्रम**
**मिति** : २०८२ माघ २४ (नेसं ११४६ सिल्लागा षष्ठी)
**समय** : दिउँसो २:१५ बजे
**स्थान** : जिल्ला समन्वय समितिको सभा हल, भक्तपुर

# कल्पनालोक (Utopia) पुस्तक पढ्दा

सुवास दिवाकर


'स्रष्टा समाज' बाट प्रकाशित थोमस मोरद्वारा लिखित 'कल्पनालोक (युटोपिया) को नेपालीमा अनुवादित पुस्तकको अध्ययन मलाई निकै नै मर्मस्पर्शी र रोमाञ्चक लाग्यो । यस कृतिबारेमा भन्नुभन्दा पहिला थोमस मोरको बारेमा थाहा पाउन जरुरी छ । अझ त्यसबेलाको समाजको स्थितिको बोध हुन आवश्यक देखिन्छ । सन् १४७८ मा लन्डनमा जन्मेका लेखक थोमस मोरका बुबा एक वकिल (Attorney) हुनुहुन्थ्यो । उहाँ रोमन क्याथोलिक चर्चमा हुर्किनुभयो । उहाँले Oxford मा Classical ग्रीक र ल्याटिन सिक्नुभयो । पछि उहाँले Lincoln's Inn मा कानुन विषय पढ्नुभयो । सन् १५०४ मा थोमस Parliament को सदस्य हुनुभयो जब Henry VII राजा थिए । सन् १५०९ मा Henry VII को मृत्युपछि Henry VIII राजा भए । Henry VIII को शासनकालमा थोमस मोरलाई Lord Chancellor पद दिइएको थियो ।

सन् १५२७ मा जब हेनरी आठौंले उनको पहिलो श्रीमती Catherine लाई सम्बन्धविच्छेद गरी पुरुष उत्तराधिकारीका लागि Anne Boleyn सँग बिहे गर्ने कुरा भयो । त्यस कुरामा थोमस मोरले विरोध गरे । क्याथोलिक धर्म परम्पराअनुसार उक्त समयमा सम्बन्धविच्छेद स्वीकार्य थिएन । उक्त समयमा धार्मिक परम्पराहरू क्याथोलिक चर्चका Pope को निर्देशनअनुसार हुने गर्दथ्यो । Henry VIII त्यही भएर Supreme Head of Church of England हुन चाहन्थ्यो र Henry VIII ले जबरजस्ती Oath of Supremacy लिनको लागि थोमस मोरलाई दबाब दिइयो । तर, थोमस मोरले चर्चको सर्वोच्चता Henry VIII लाई दिन चाहेनन् । पछि उनलाई गलत आरोप लगाई सन् १५३४ मा थुनियो र सन् १५३५ मा टाउको काटेर मृत्युदण्ड दिइयो । यसरी अत्यन्त तानाशाही शासकको गलत नियतका कारण उनले शहादत प्राप्त गरे । मृत्युको समयमा उनले भनेका थिए, "I die the King's good servant and God's first." अर्थात्, "म राजाको राम्रो सेवकभन्दा पनि पहिले म भगवान्को सेवक भएर मर्दै छु ।"

'कल्पनालोक' अर्थात् युटोपियाको शाब्दिक अर्थ ग्रीक शब्दहरू Ou topos जसको अर्थ हुन्छ No place. यस अर्थअनुसार 'कल्पनालोक' जुन वास्तवमा नभएको भन्ने अर्थ लाग्छ । युटोपिया शब्द अर्को ग्रीक शब्द Eu Topos बाट बनेको जस्तो पनि देखिन्छ जसको अर्थ हुन्छ Good Place अर्थात् 'आदर्श लोक' जहाँ सम्पूर्ण कुरा राम्रो हुन्छ । थोमस मोरले युटोपिया शब्द पहिलोचोटि प्रयोगमा ल्याएका थिए र उनको मृत्युपछि सन् १५५१ मा Ralph Robinson ले युटोपियालाई अङ्ग्रेजीमा अनुवाद गरे ।

त्यसबेला युरोपमा स्वेच्छाचारी निरङ्कुश राजतन्त्र थियो र आर्थिकरूपले पुँजीवादको विकास हुँदै थियो । राजा महाराजा, सामन्तहरूको हुकुमी शासनबाट जनता पिल्सिएका थिए । राजाको आदेश नमान्ने र साना-साना गल्तीका लागि साधारण जनताले मृत्युदण्डसम्मको मूल्य चुकाउनुपर्दथ्यो । साधारण जनतालाई जबरजस्ती अनावश्यक युद्धहरूमा लगिन्थ्यो र नमान्नेले कठोर सजायको भागिदार हुनुपर्दथ्यो । साधारण जनताको यस्तै कहालिलाग्दो अवस्थाबाट मुक्ति पाउने त्यसबेलाका विद्वान्हरूले विभिन्न आदर्श समाजको कल्पना गरे । त्यसमध्ये एक थोमस मोरको युटोपिया पनि एक हो । यस्तै आदर्श समाजको परिकल्पनाकै आधारमा पछि उन्नाइसौँ शताब्दीमा कार्ल मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादको सोचाइमा विकसित भएको हामी सजिलै अनुमान लगाउन सक्छौं ।

कल्पनालोक थोमस मोरको यात्रा वृत्तान्त हो । यसमा थोमस मोरले युटोपियाको यात्रा वृत्तान्त अर्कै काल्पनिक पात्रमार्फत सुनाइरहेका हुन्छन् । यस कृतिमा दुई खण्ड रहेका छन् । पहिलो खण्डमा लेखकको काल्पनिक पात्र राफेल हाइथ्लोडेसँगको भेट र उनीहरूको वार्तालाप रहेको छ भने दोस्रो खण्डमा काल्पनिक पात्र राफेल हाइथ्लोडेको युटोपियाको बारेमा वर्णन रहेको छ । लेखक स्वयम् एक पात्रको रूपमा रहेका छन् जो इङ्गल्यान्ड र सो समयको स्पेनबिचको तिक्ततापूर्ण सम्बन्ध सुधार्न इङ्गल्यान्डको तर्फबाट राजदूत बनेर हाल बेल्जियमको ब्रग्स गएको र केही असहमतिपछि व्यक्तिगत कामको सिलसिलामा लेखक Antwerp पुग्छन् र Peter Giles सँग भेट गर्छन् । Peter Giles ले लेखकलाई




जहाजीजस्तो देखिने राफेल हाइथ्लोडेसँग भेट गराउँछन् । राफेल अमेरिगो भेस्प्रसीको कम्पनीमा सामेल भएको र धेरै सामुद्रिक यात्रा तय गरेको र पछि अमेरिगो आफ्नो देश फर्केपछि छुट्टै केही साथीहरूको साथ पाएर धेरै राम्रा राम्रा देशहरू घुमेको कुरा बताए । यसैक्रममा उनी युटोपिया पुगेको कुरा पनि सुनाए । पिटरले उनको अनुभव सुनेर राजाको सल्लाहकार बन्न सुझाव दिन्छन् तर राफेल राजाको बन्धक बन्न नसकिने विचार व्यक्त गर्छन् । राजा एवम् राजकुमारहरू राम्रो सल्लाह र सुझावभन्दा पनि चाकडी र चाप्लुसीमात्र खोज्दछन् भन्ने उनको तर्क थियो । राजाहरू आफूसँग पहिले नै भएको राज्यमा शान्तिपूर्वक शासन चलाउनुभन्दा आफ्नो अधीनमा रहेका क्षेत्रहरूमा सही र गलत तरिकाले विस्तार र दमन गर्नमा बढी बयान दिन्छन् । साधारण चोरहरूको लागि मृत्युदण्ड दिइनु न्यायसङ्गत नभएको बरु यसको सट्टा मान्छेलाई जीवन गुजारा गर्ने जोहो गरिदिनु आवश्यक छ । किनभने, कोही पनि व्यक्ति चोरी गर्न र पछि मर्न बाध्य नहोस् । एउटा चोर र हत्याराले समान सजाय पाउनु निकै अतार्किक रहेको र यसले झन् चोरलाई जसको सामान चोरेको हो उसलाई मार्न उत्तेजित हुने र राम्रो व्यक्तिलाई पनि मार्ने प्रेरित हुने तर्क राफेल राख्दछन् । यस्तै यस्तै वार्तालाप र युटोपियाको नियम कानुन र इङ्गल्यान्डको अस्तव्यस्त कानुनी समस्याहरू केलाउँदै पहिलो खण्ड सकिन्छ ।

दोस्रो खण्डमा लेखक र पिटरको युटोपिया (कल्पनालोक) को विस्तृत वर्णन गर्ने आग्रहमा राफेलले युटोपियाको सम्पूर्ण वर्णन गर्दछन् । दोस्रो खण्डमा वार्तालाप हुँदैन तर यसमा युटोपियाका विभिन्न पक्षहरूको सूक्ष्म वर्णन राफेलले गरेका छन् । युटोपियाको भौगोलिक वर्णनमा युटोपियामा झन्डै २०० माइल ब्यासको र आकार चन्द्रमाको जस्तै भएको उल्लेख छ । त्यहाँ ५४ वटा ठुलठुला सहर वा नगर भएको र तिनीहरूको अवस्थिति निर्माण सबै समान भएको कुरा उल्लेख छ । कुनै पनि सहरले आफ्ना सीमा बढाउन चाहँदैनन् किनभने त्यहाँका मानिसहरू आफूलाई जमिनको मालिक नभई हेरचाह गर्ने व्यक्ति सम्झन्छन् । हरेक सहरहरू बुर्जाहरू भएको ढुङ्गे पर्खालले घेरिएका छन् । सडकहरू २० फुट चौडार हरेक घरका पछाडि बगैँचाहरू छन् । हरेक घरमा दुइटा ढोका एउटा सडकतर्फ खुल्ने र अर्को बगैँचातर्फ खुल्ने हुन्छ । ढोकाहरूमा कहिल्यै चुकुल लगाइँदैन र जोसुकै व्यक्ति घरभित्र जान सक्छन् किनभने घरभित्र कुनै त्यस्तो सामान छैन जुन निजी होस् तथा हरेक दस वर्ष तिनीहरू आफ्नो घर परिवर्तन गर्दछन् । यस्तै त्यहाँको न्याय प्रणालीमा साधारण अपराधमा मृत्युदण्ड नभएको र युद्धबन्दीलाई बँधुवा मजदुर बनाइँदैन । गम्भीर अपराध गर्नेलाई बँधुवा मजदुर बनाइन्छ । तिनीहरूलाई पनि धेरैले थोरै पैसा तिरेर वा श्रमदान दिई घरमा काम गराउन घर ल्याइन्छ । महिला १८ वर्षपछि र पुरुष २२ वर्षपछि विवाह गर्न पाउँछन् । युटोपियालीहरू युद्ध र लडाइँलाई पाशिवक काम ठान्छन् र युद्धमा संलग्न हुनेहरूलाई घृणा गर्दछन् । तर, पुरुषमात्र होइन महिलाहरू पनि दिनहुँ जस्तै युद्धको अनुशासनको अभ्यास गर्दछन् ताकि आफ्नो देशको रक्षा गर्न र अत्याचारबाट पीडित जनतालाई मुक्त गर्नको लागि मात्र तयारी गरेका हुन्छन् । युटोपियामा धार्मिक सहिष्णुता रहेको, हरेक धर्म मान्ने मानिस रहेको छ । तर, हिंसाको प्रयोग गरी वा अरुको धर्मको निन्दा गर्न नपाइने रहेको छ । त्यहाँका मानिसहरूले ६ घण्टा काम गर्ने र बाँकी समय मनोरञ्जन गीत सङ्गीतमा रमाउने गरेको आदि विवरण पनि उल्लेख गरिएको छ । सबैजना हाँसी खुसी रहेको र आनन्दमय जीवन व्यतीत गरिरहेको कुराले साँच्चै नै कल्पनालोक सबै देशमा हुनुपर्नेजस्तो देखिन्छ ।

आजभन्दा ५०० वर्ष पहिलेको परिवेशमा थोमस मोरजस्ता विद्वान्हरूले आदर्श समाजको कल्पना गरेजस्तै वर्तमान समयमा पनि अमेरिकाजस्तो साम्राज्यवादी र उग्र पुँजीवादी सोचको सिकार पूरै विश्वले भोग्नुपरिरहेको छ । पैसा र शक्तिको घमण्डले कुनै पनि देशको अस्तित्वलाई अमेरिकाले स्वीकारेको देखिँदैन । अहिले पनि विश्वका समाजवादी सोचका मानिसहरूले थोमस मोरले जस्तै कल्पनालोकको आदर्श देशको कल्पना गर्नुपरेको छ । सत्ता, पैसा र साधन स्रोतको लोभमा ५०० वर्षअगाडि जस्तै आफ्नो अधीनमा पार्ने काममा अमेरिका लागिपरेको छ । इतिहासका राम्रो ज्ञान, विचार र सिद्धान्तका कुरालाई नजरअन्दाज गर्दै पैसा र विज्ञानको अनुचित फाइदा उठाउँदै विश्वमा आफ्नो दबदबा देखाउन अमेरिका अझ कडा रूपमा प्रस्तुत भइरहेको छ । यही दम्भले गर्दा अमेरिका विश्वमा एक्लिँदै गइरहेको छ र एक दिन उग्र पुँजीवादी अमेरिकाको यो सोचको बेलुन फुट्नेछ र कल्पनालोकमा झैँ विश्वका मानिस वैज्ञानिक समाजवादतर्फ लाग्नेछन् र आनन्दमयी जीवन जिउने छन् ।

---

***नवउदारवाद...***

गरी छूट दिन सकिँदैन, जसको अर्थ प्रतिस्पर्धाले पूरा बेडा पार लाउन सक्दैन । नाफा जति व्यापारले लैजान्छ र जोखिम जति सरकारको थाप्लोमा रहन्छ ।

जति ठुलो असफलता हुन्छ, सिद्धान्त त्यति नै उग्र बन्दै जान्छ । सरकारहरूले नवउदारवादका सङ्कटहरूलाई बहाना र अवसर दुवै रूपमा लिन्छ, यसबेला कर कटौती, बाँकी रहेका सार्वजनिक सेवाहरूको निजीकरण, सामाजिक सुरक्षालाई कमजोर बनाउने, व्यापारिक निगमहरूलाई नियमन मुक्त बनाउने र नागरिकहरूलाई पुन: नियमन गर्ने कार्य गर्छ । यस्तोबेला स्वयंलाई घृणा गर्ने राज्यले सार्वजनिक क्षेत्रका प्रत्येक अङ्गमा आफ्ना दाऱ्हा धस्छ ।

वास्तवमा नवउदारवादको सबैभन्दा डरलाग्दो असर आर्थिक सङ्कट होइन बरु राजनीतिक सङ्कट हो । जब राज्यको प्रभाव क्षेत्र घट्दै जान्छ, तब मतदानबाट हाम्रो जीवन परिवर्तन गर्ने क्षमता पनि साँघुरिँदै जान्छ । यसका विपरित, नवउदारवादी सिद्धान्तले दावी गर्छ कि मानिसहरूले खर्च गरेर छनोटको अभ्यास गर्न सक्छन् । तर, केही मानिससँग खर्च गर्नका लागि अरु मानिसहरूभन्दा धेरै हुन्छ: महान उपभोक्ता वा शेयरधनीको लोकतन्त्रमा मतहरू बराबर स्तरका हुँदैनन् । परिणाम गरिब र मध्यमवर्गको असशक्तिकरण हुन्छ । जब दक्षिणपन्थी पार्टी र वामपन्थी भनाउने पार्टीहरूले नै नवउदारवादी नीतिहरू अपनाउछन् तब असशक्तिकरण निर्वाचन बहिष्कारमा परिणत हुन्छ । बहुसङ्ख्यक मानिसहरू राजनीतिबाट बाहिरिन्छन् ।

क्रिस हेज भन्छन्, "फासीवादी आन्दोलन राजनीतिकरूपले सक्रियहरूबाट होइन राजनीतिक रूपले निष्क्रिय, 'हरूवाहरू' माझबाट उठेको थियो, जसले राजनीतिक संस्थापनमा सही रूपमा आफ्ना आवाज वा भूमिका नभएको ठान्दथे ।" जब राजनीतिक वादविवादले हामीसँग संवाद गर्दैन, तब मानिसहरू नारा, सङ्केत र सपनाप्रति आकर्षित हुन्छन् । उदाहरणका लागि ट्रम्पका प्रशंसकहरूकासामु तथ्य र तर्कहरू असान्दर्भिक हुन्छन् ।

जुडतले भनेका छन् - जब जनता र सरकारबिच हुने गञ्जागोलपूर्ण अन्तरक्रिया शासन र आज्ञापालनमा सीमित हुन पुग्छ, तब हामीलाई बाँधेर राख्ने एकमात्र शक्ति राज्य शक्ति हुनेछ । जब सार्वजनिक सेवा वितरणको कारणले प्राप्त हुने नैतिक प्रभुत्व सरकारहरूले गुमाउनेछन् तब हायेकले कल्पना गरेको तानाशाही जन्मनेछ र "आफ्ना आदेशहरू पालना गराउन जनतालाई फकाउने, धम्क्याउने र अन्त्यमा जोरजुलुम गर्न थाल्नेछन् ।"

साम्यवादजस्तै नवउदारवाद पनि असफल भगवान हो । तर, त्यो प्रेत-सिद्धान्त लड्खडाउँदै भएपनि अगाडि बढ्दैछ र त्यसको कारणहरूमध्ये नवउदारवादसम्बन्धी रहस्यात्मक नै हो, अझ भनौँ, यो रहस्य नै रहस्यहरूको जेलिएको गाँठो हो ।

अदृश्य हातको अदृश्य सिद्धान्तलाई अदृश्य समर्थकहरूले प्रवर्धन गरिरहेका छन् । बिस्तारै, अति नै बिस्तारै, हामीले तिनीहरूमध्ये केहीका रहस्य पत्ता लगाउन थालेका छौँ । हामीले पत्ता लगायौँ कि सूर्ति उद्योगलाई थप नियमन गर्ने कुराको जोडतोडका साथ मिडियामा विरोध गर्ने दि इन्स्टिट्युट अफ इकोनोमिक अफेयर्सलाई सन् १९६३ देखि नै ब्रिटिस अमेरिकन टोबाकोले गोप्यरूपमा लगानी (आर्थिक भरथेग) गरिरहेको रहेछ । हामीले चाल पायौँ कि विश्वकै धनिहरूमध्ये दुई जना, चार्ल्स र डेभिड कोचले टि पार्टी आन्दोलन चलाउने इन्स्टिट्युटको स्थापना गरेका रहेछन् । हामीले थाहा पायौँ- आफ्ना थिङ्क ट्याङ्कहरूमध्ये एक स्थापना गर्दा चार्ल्स कोचले भनेका थिए, "अनिच्छित आलोचनाहरूबाट बचन सङ्गठन कसरी नियन्त्रण र निर्देशित गर्नुपर्छ भन्ने कुरा व्यापक रूपमा प्रचार गरिनुहुँदैन ।"

कुनै समयमा पैत्रिक अंशवापत पैसा प्राप्त गर्नेहरूबाट नवधनाढ्यहरू हियाइन्थे । आज त्यो सम्बन्ध उल्टिएको छ ।

नवउदारवादीहरूले प्रयोग गर्ने शब्दहरूले प्राय: स्पष्ट पार्नेभन्दा बढी अलमल्याउने गर्छन् । 'बजार' भन्ने शब्द सुन्दा गुरुत्वाकर्षण वा वायुमण्डल जस्तै हामी सबैले समानरूपमा बेहोर्नुपर्ने प्राकृतिक व्यवस्था जस्तो लाग्छ । तर, त्यो शब्द शक्ति-सम्बन्धहरूले लादिएको हुन्छ । 'बजार के चाहन्छ' भन्नाले व्यापारिक निगमहरू र त्यसका मालिकहरूले के चाहन्छन् भन्ने अर्थ लाग्छ । एण्ड्र्यू सेयर भन्छन् - 'लगानी' शब्दका दुईवटा अर्थ हुन्छन् । पहिलो उत्पादनशील र सामाजिक रूपले उपयोगी क्रियाकलापमा लगानी गर्नु र अर्को रेन्ट, ब्याज, लाभांश र पुँजीगत लाभ दोहन गर्न विद्यमान सम्पत्ति खरिद गर्नु । भिन्दाभिन्दै क्रियाकलापका लागि एउटै शब्द प्रयोग गर्नाले 'सम्पत्तिको स्रोतलाई लुकाउँछ' र सम्पत्ति-दोहनलाई नै सम्पत्ति सिर्जना हो भनी हामीलाई झुक्याउँछ ।

एक शताब्दी अगाडि पैत्रिक अंशवापत पैसा प्राप्त गर्नेहरूबाट नवधनाढ्यहरू हियाइन्थे । उद्यमीहरू आफ्नो परिचय रेन्टरको रूपमा दिएर सामाजिक हैसियत खोज्दथे । आज त्यो सम्बन्ध उल्टिएको छ : रेन्टर र पैत्रिक अंशियारहरू आफूलाई उद्यमीको रूपमा चित्रित गर्छन् । उनीहरू पौरखबिनाको सम्पत्तिलाई नै आफूले आर्जन गरेको भनेर दावी गर्छन् ।

यस्ता रहस्यहरू र जालझेलहरू आधुनिक पुँजीवादसँगै गाउँ-ठाउँ पहिचान गर्न नसकिनेगरी गोलमाल हुन्छन् : पुँजीवादको अधिकार-सम्पन्न मोडलले मजदुरहरूलाई हामी कसका लागि काम गरिरहेका छौँ भनेर थाहा नहुने व्यवस्था सुनिश्चित गर्छ; कम्पनीहरू मुलुकबाहिर अति जटिल सञ्जालको गोप्य व्यवस्थाबाट दर्ता गरिएको हुन्छ ताकि लाभ प्राप्त गर्ने मालिकहरू को हुन् भनेर प्रहरीले पनि पत्ता लगाउन सक्दैन (जस्तो रेनल्ड होल्डिङ्ग्स कम्पनी जसले मलेशियाको एक्जिएटालाई एनसेलको शेयर बेचेको थियो, त्यसको लाभकर उठाउन नै समस्या परेको छ -अनु); सरकारलाई नै जिल्लाराम बनाउन सक्ने करको बन्दोबस्त; कसैले बुझ्न नसक्ने वित्तीय उत्पादनहरू आदि ।

नवउदारवादको रहस्यमयलाई सतर्कताका साथ सुरक्षा दिइने गरिएको पाइन्छ । हायेक, मिसेस र फ्रिडमेनबाट प्रभावित विद्वान्हरूले केही मात्रामा न्यायका साथ अचेल यो निन्दात्मकरूपमा मात्र प्रयोग हुन्छ भन्दै उक्त नवउदारवाद शब्दलाई अस्वीकार गर्दछन् । तर, उनीहरू त्यसको बदलामा अर्को शब्द दिँदैनन् । केहीले आफूहरूलाई शास्त्रीय उदारवादी वा लिवर्टियन (स्वतन्त्रताका अनुयायीहरू) का रूपमा चिनाउँछन् तर यस्ता परिचयहरू भ्रामक र स्वयं लज्जित बनाउने दुवै खालका छन्, किनभने 'द रोड टु सर्फडम', 'ब्युरोक्रेसी' वा फ्रिडमेनको शास्त्रीय कृति 'क्यापिटलिज्म एण्ड फ्रिडम' मा त्यस्ता केही विलक्षणताहरू छैनन् ।

यी सबै कुरा हुँदा पनि, नवउदारवादी परियोजना केही हदमा प्रशंसायोग्य पनि छ, कम्तिमा पनि सुरुवाती चरणहरूमा । यो चिन्तक र सक्रियकर्मीहरूको एकरूपको सञ्जालद्वारा प्रबर्धन गरिको र स्पष्ट कार्ययोजना बोकेको एउटा विशिष्ट र नविन दर्शन थियो । यो धैर्यशाली र दृढ थियो । दी रोड टु सर्फडम (दासत्वको मार्ग) शक्तिको मार्ग बन्न पुग्यो ।

नवउदारवादको विजयले बामपन्थको असफलतालाई पनि देखाउँछ । सन् १९२९ मा जब लेसेज-फेयर अर्थव्यवस्थाले बिल्लिबाठ निम्त्यायो तब किन्सले त्यसलाई विस्थापन गर्ने एउटा 'विस्तृत आर्थिक सिद्धान्त' प्रतिपादन गरे । जब सन् ७० को दशकमा किन्सको माग व्यवस्थापन भड्खालोमा पऱ्यो, त्यसको विकल्प तयार थियो । तर, जब सन् २००८ मा नवउदारवाद असफल भयो, त्यसबेला विकल्पमा केही थिएन । त्यसैले, त्यो प्रेतात्मा अझै हिँडिरहेको छ । वामपन्थ र मध्यमपन्थ दुवैले विगत ८० वर्षदेखि कुनै आर्थिक विचारधाराको कुनै आम ढाँचा तयार गरेका छैनन् ।

लर्ड किन्सलाई गरिने हरेक मङ्गलाचरण असफलताका स्वीकारोक्तीहरू मात्र हुन् । २१ औँ शताब्दीका सङ्कटहरूका लागि किन्सका समाधानहरू अघि सार्नु भनेको थाहापाइएका तीन वटा समस्याहरूलाई बेवास्ता गर्नु हो । पुराना सोचहरूबाट जनतालाई परिचालन गर्न कठिन हुन्छ; सन् ७० को दशकमा देखिएका कमजोरीहरू अहिले पनि हटेका छैनन्; सबैभन्दा महत्त्वपूर्ण, हामीले सामना गरिरहेको सबैभन्दा डरलाग्दो खतरा अर्थात् वातावरणीय सङ्कटबारे किन्सका समाधानहरूले केही बोल्दैनन् । किन्सवादले आर्थिक वृद्धिका लागि उपभोक्ताको मागलाई उत्प्रेरण गर्छ । उपभोक्ताको माग र आर्थिक वृद्धि वातावरण विनासका चालक हुन् ।

किन्सवाद र नवउदारवाद दुवैका इतिहासले भत्किएको व्यवस्थाको विरोध गर्नुमात्र पर्याप्त हुँदैन भनेर देखाउँछन् । एउटा सुसङ्गत विकल्प प्रस्तावित हुनै पर्छ । लेबर, डेमोक्र्याट र सिर्जनशील वामपन्थको केन्द्रीय काम एउटा अति नै सुन्दर आर्थिक कार्यक्रम निर्माण गर्नु हो, जुन काम २१ औँ शताब्दीको माग सम्बोधन गर्न एउटा नयाँ व्यवस्था तयार गर्ने सचेतप्रयास हुनेछ ।

# आफ्नो पेसाभन्दा देशलाई माया गर्नु जरुरी

भक्तपुर, १८ माघ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले निर्वाचन जनतालाई राजनीतिकरूपले शिक्षित गर्ने बृहत् कक्षा भएको बताउनुभयो।

पार्टीका महिला उम्मेदवारहरूको शनिबार सम्पन्न भेलामा सम्बोधन गर्दै उहाँले सन् १९५३ मा सोभियत सङ्घका नेता स्तालिनको मृत्युपछि त्यहाँका खुश्चेभलगायतका नेताहरू संशोधनवादमा पतन भएको हुँदा त्यसको असर संसारका कामदार जनतालाई परेको उल्लेख गर्नुभयो।

देशभक्त कर्मचारी, शिक्षक, प्राध्यापकले आफ्नो जागीरभन्दा देशको माया गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले कामदारवर्गको सेवा गर्न विषय बुझेर पार्टीमा लाग्नुपर्ने उल्लेख गर्नुभयो।

बहुदल र गणतन्त्रको ३५ वर्षयता सरकारमा गएका दल र नेताहरूले नयाँ पुस्तालाई सीप र रोजगारी नदिएको उल्लेख गर्दै उहाँले मानिसको जीवनको हरेक क्षेत्रमा राजनीतिक कार्य हुनुपर्ने बताउनुभयो।

पार्टी सचिव एवम् भक्तपुर क्षेत्र नं १ का उम्मेदवार प्रेम सुवालले पुँजीवादी निर्वाचनबाट गठन हुने सरकारहरूबाट देशमा स्थिरता र सुन्दर भविष्य, नयाँ युगको सुरुआत, सुशासन केही नहुने उल्लेख गर्दै यसको लागि उत्पादनका मुख्य मुख्य साधन र सेवा राष्ट्रियकरण हुने वैज्ञानिक समाजवाद जरुरी भएको बताउनुभयो।

कार्यक्रममा पार्टी नगर समिति भक्तपुरका उपाध्यक्ष लक्ष्मीभक्त लासिवा र सदस्य कृष्णगोविन्द लाखाजुले पनि बोल्नुभएको थियो।

# इरानद्वारा ईयू सेनालाई आतङ्कवादी घोषणा

दुबई, १८ माघ (एपी)। इरानका सभामुख मोहम्मद बाघेर कालिबाफले आइतबार इस्लामिक गणतन्त्रले अब सबै युरोपेली सङ्घ (इयु) का सेनालाई आतङ्कवादी समूह मानेको बताउनुभएको छ। इयुले इरानको अर्धसैनिक क्रान्तिकारी गार्डलाई आतङ्कवादी समूह घोषणा गरेपछि यो प्रतिक्रिया आएको हो। इयुको घोषणा देशव्यापी विरोध प्रदर्शनमाथि भएको रक्तपातपूर्ण दमनको सन्दर्भमा गरिएको थियो।

पूर्व गार्ड कमान्डरसमेत रहनुभएका संसद अध्यक्ष मोहम्मद बाघेर कालिबाफले यो पदनाम व्यवहारिकभन्दा बढी प्रतीकात्मक हुने सम्भावना रहेको बताउनुभयो। सन् २०१९ मा संयुक्त राज्य अमेरिकाले क्रान्तिकारी गार्डलाई आतङ्कवादी समूह घोषणा गरेपछि इरानले त्यही कानुन प्रयोग गर्दै अन्य राष्ट्रका सेनालाई पनि आतङ्कवादी सूचीमा राख्ने व्यवस्था गरेको स्मरण गराइएको छ।

यो घोषणा मध्यपूर्वमा बढ्दो तनावको पृष्ठभूमिमा आएको हो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध सम्भावित सैन्य कारबाहीबारे विचार गरिरहनुभएको सन्दर्भमा क्षेत्रीय अवस्था थप संवेदनशील बनेको छ। इरानले पर्सियन खाडीको रणनीतिक होर्मुज जलडमरूमध्यमा आइतबार र सोमबार प्रत्यक्ष फायर सैन्य अभ्यास गर्ने योजना बनाएको छ। यही जलडमरूमध्यबाट विश्वको करिब पाँचौं भाग तेल व्यापार आवागमन हुन्छ।



संसद् बैठकमा कालिबाफ र अन्य सांसदहरू क्रान्तिकारी गार्डप्रतिको समर्थन जनाउँदै गार्डको वर्दीमा उपस्थित थिए। ब्यालेस्टिक मिसाइल कार्यक्रमको नियन्त्रणसमेत गर्ने र देशभित्र विशाल आर्थिक प्रभाव राख्ने क्रान्तिकारी गार्डले इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीलाई मात्र जवाफ दिने गर्छ।

"युरोपमा आतङ्कवाद फैलिन नदिने सबैभन्दा ठुलो बाधा बनेको गार्डमाथि आक्रमण गर्न खोज्दा युरोपेलीहरूले आफ्नै खुट्टामा गोली हानेका छन्", कालिबाफले भन्नुभएको छ। उहाँका अनुसार युरोपेली नेताहरूले फेरि एकपटक अमेरिकीहरूप्रति अन्धो आज्ञाकारिता देखाउँदै आफ्नै जनताको हितविरुद्ध निर्णय गरेका छन्।

सत्रका क्रममा सांसदहरूले 'अमेरिका मूर्दावाद' र 'इजरायल मूर्दावाद' भन्ने नारा पनि लगाएका थिए।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानविरुद्ध सैन्य कारबाहीका लागि दुई वटा सर्त अघि सारेको बताइएको छ। ती सर्तमा शान्तिपूर्ण प्रदर्शनकारीहरूको हत्या वा प्रदर्शनसँग सम्बन्धित व्यक्तिहरूलाई सामूहिक मृत्युदण्ड दिने अवस्था सिर्जना हुनु समावेश छन्। यसका साथै उहाँले इरानको आणविक कार्यक्रमबारे पनि बढ्दो चासो व्यक्त गर्नुभएको छ। जुन कार्यक्रमका विषयमा इजरायलले इरानसँग १२ दिनको युद्ध सुरु गर्नुअघि अमेरिकाले तेहरानसँग विभिन्न चरणमा वार्ता गरेको थियो।

युद्धका क्रममा अमेरिकाले इरानका तीन वटा आणविक स्थलमा बम आक्रमण गरेको थियो। तीमध्ये दुई स्थलमा इरानले उपग्रहको दृश्य अस्पष्ट पार्ने प्रयास गरिरहेको हुनसक्ने र बाँकी संरचना हटाउने काम भइरहेको आकलन गरिएको छ।

यसैबिच, इरानका एक वरिष्ठ सुरक्षा अधिकारी अली लारिजानीले शनिबार राति सामाजिक सञ्जाल एक्समा वार्ताका लागि संरचनात्मक व्यवस्था अघि बढिरहेको उल्लेख गर्नुभएको छ। तर सर्वोच्च नेता खामेनीले बारम्बार अस्वीकार गरिरहनुभएको प्रत्यक्ष वार्ताबारे अहिलेसम्म कुनै सार्वजनिक सङ्केत देखिएको छैन।

**आफ्ना नौसेना कमान्डरको हत्याबारे समाचार केवल 'अफवाह' मात्र भएको इरानद्वारा जानकारी**

इरानको इस्लामिक रिभोलुसन गार्ड्स कोर (आइआरजिसी) ले शनिबार आफ्ना नौसैनिक कमान्डर अलिरेजा ताङसिरीको हत्या भएको भनी आएका समाचारहरूको खण्डन गरेको छ।

आइआरजिसीले आफ्नो आधिकारिक अनलाइन समाचार साइट (सेपाह न्यूज) मा जारी एक वक्तब्यमा भनेको छ, "यो अफवाह इजरायली सामाजिक सञ्जालबाट फैलिएको हो।"

सामाजिक सञ्जालको उक्त 'अकाउन्ट' मा सुरक्षा र सैन्य क्षेत्रको बारेमा यसपहिले पनि अफवाह फैलाएको ट्र्याक रेकर्ड रहेको छ। उक्त पेजमा यसअघि आइआरजिसी कुद्स फोर्सका कमान्डर इस्माइल कानीको हत्या भएको दाबी गरिएको थियो।

सेपाह न्यूजका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्ला केही दिनहरूमा पश्चिम एसिया क्षेत्रमा युद्धपोत बेडा पठाएर इजरायलमाथि आक्रमण गर्न सक्ने मनोवैज्ञानिक त्रासबीच यो अफवाह फैलाउने कुरालाई अर्थपूर्ण मानिएको छ।

शनिबार पनि आइआरजिसीको नौसेनाले अफवाहको खण्डन गर्दै भनेको छ, "होर्मोजगान प्रान्तमा रहेको उहाँको कुनै पनि कार्यालयमा ड्रोन आक्रमण गरिएको छैन र सुरक्षा बलसँग सम्बन्धित कुनै पनि भवन नष्ट भएको छैन।"

# डुङ्गेश्वर बजारमा पार्टी स्थापना दिवस मनाइयो




दैलेख, १८ माघ। नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवस नेमकिपा दैलेख जिल्ला समितिको आयोजनामा डुङ्गेश्वर गाउँपालिकाको डुङ्गेश्वर बजारमा सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सल्लाहकार सदस्य नर्मा गुरुङले नेमकिपाले लिएको उद्देश्य देश र जनताको पक्षमा रहेको उल्लेख गर्दै ठुला दलका नेताहरूले सरकारको नेतृत्व गरे पनि किसान मजदुरको समस्या पूरा भएको छैन भन्नुभयो।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य उदयजङ शाहीले नेमकिपा स्थापनाको आधारबारे चर्चा गर्दै नेपालको कम्युनिस्ट सिद्धान्तलाई आफूअनुरूप बनाएर कम्युनिस्ट आन्दोलन समाप्त पार्न खोजेको बेला नेमकिपा स्थापना भएको हो भन्नुभयो।

नेमकिपा दैलेखको १५ औं जिल्ला सम्मेलन तयारी समितिका संयोजक जगत वलीले तत्कालीन कम्युनिस्ट पार्टीभित्र देखिएको खोटा विचारको खण्डन गर्दै नेमकिपा स्थापना भएको हो भन्नुभयो।

कानुन अध्ययन समाज नेपालका शिवराज दाहालले कामदार जनताको पक्षमा बोलेको पार्टी हो भन्नुभयो। शिक्षा र स्वास्थ्य तल्लो वर्गको पहुँचसम्म पुग्न नसकेको र सरकारले गरिब किसानलाई वास्ता नगरी हुने खाने वर्गलाई पहुँचमा राखेको कुरा पनि उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा नेक्राविसङ्घ २२ औँ दैलेख जिल्ला सम्मेलन तयारी समितिका सदस्य बुद्ध रेग्मीले पनि बोल्नुभएको थियो।

# काठमाडौँ जिल्लाका उम्मेदवारबिच संवाद कार्यक्रम

काठमाडौँ, १८ माघ। नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला निर्वाचन परिचालन समितिको आयोजनामा काठमाडौँ जिल्लाका उम्मेदवारबिच संवाद कार्यक्रम आइतबार क्षेत्रपाटीमा सम्पन्न भयो।




कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले उम्मेदवारहरू घरदैलोमा जाँदा देश र जनताको समस्या, समाधानका उपाय र पार्टीले गरेका गतिविधिबारे स्पष्ट जानकारी दिने काम गर्न आग्रह गर्नुभयो।

उहाँले शासक दलहरूले राष्ट्रघाती काम गरेको उल्लेख गर्दै पछिल्लो समयमा एमसीसीजस्ता देशघाती सम्झौतालाई संसद्बाट पारित गरेको बताउनुभयो।

नेपालमा वैदेशिक हस्तक्षप बढ्ने सङ्केत गर्दै उहाँले त्यसको पहिलो शिकार काठमाडौँ राजधानी हुनेबारे सबै सचेत हुनुपर्ने बताउनुभयो।

अबको निर्वाचनमा अमेरिकी पक्षधर पार्टीका उम्मेदवार जिताउन हरेक कुत्सित प्रयास गर्ने भएकोले अन्य दलको देखासिकीबाट हामी अलग्ग भई विदेशीबाट परिचालित उम्मेदवारहरूलाई हराउन पार्टीले वैचारिक र वर्गीय भावना जगाउने कार्यमा अग्रसर हुन आग्रह गर्नुभयो।

कार्यक्रममा केन्द्रीय सदस्य सनकमान महर्जनले जनताबिच घरदैलो कार्यक्रममा जाँदा घोषणापत्र र अपिलमार्फत मत माग्न अनुरोध गर्नुभयो।

केन्द्रीय सदस्य राजवीर डंगोलले देशघाती पार्टीका उम्मेदवारविरुद्ध जनतालाई सचेत पारी मत माग्नुपर्ने बताउनुभयो।

नेमकिपा जिल्ला निर्वाचन काठमाडौँ परिचालन समितिका संयोजक नारायण महर्जनको सभापतित्वमा भएको कार्यक्रममा काठमाडौँ महानगर समितिका दामोदर कारञ्जित, राजेन्द्र रजक, जिल्ला सचिव शैलेश डंगोल र काठमाडौँ जिल्लाको क्षेत्र नं. ३ का उम्मेदवार मदन श्रेष्ठ, ६ का उम्मेदवार इन्द्रकुमारी वज्राचार्य, ७ का गणेशमाया श्रेष्ठ डंगोल, ८ का वन्दना श्रेष्ठ, ९ का शान्त महर्जन, समानुपातिक उम्मेदवार हरू गुणदास महर्जन, ममता महर्जन र कासिनारायण डंगोलले पनि बोल्नुभएको थियो।

# मुग्लिन–मलेखु सडकको काम तीन वर्षमा ३७ प्रतिशत मात्र

चितवन, १८ माघ। पृथ्वी राजमार्गअन्तर्गतको नागढुङ्गा-मलेखु सडकको काम सम्झौताअनुसार भएको भए काम पूरा भइसक्नुपर्ने थियो। तर सम्झौताअनुसारको तीन वर्षमा ३७ प्रतिशत मात्र काम सकिएपछि आयोजनामा छ महिना म्याद थप गरिएको छ।

विसं २०७९ पुस १५ गते तीन वर्षमा सम्पन्न गर्नेगरी यो सडक ठेक्का सम्झौता गरिएको थियो। मुग्लिन-नागढुङ्गा खण्डलाई तीन चरण बनाएर बोलपत्र आह्वान गरिएको थियो। तेस्रो चरणको म्याद गत पुस १५ मा सकिएपछि छ महिनाका लागि म्याद थप गरिएको छ। नागढुङ्गा-मुग्लिन सडक आयोजनाअन्तर्गत पश्चिम खण्ड मुग्लिन-मलेखु सडकका इन्जिनियर विजय दरैका अनुसार डिजाइनको तथ्याङ्क गलत पर्दा सडकको नक्साङ्कन फरक परेकाले समयमा काम गर्न नपाएका कारण निर्माण कम्पनीलाई १८३ दिन म्याद थप गरिएको छ।

निर्माण कम्पनीले सडकको काम गर्ने ठाउँ खाली हुन ढिलाइ भएको, रुख, खम्बा सार्न समयमा नसकिएको, निर्माण सामग्री सहज पाउन नसकिएको, सवारीको उच्च चापलगायत कारण निर्माण तोकिएको समयमा हुन नसकेको जनाउँदै आएको छ। दरैले अहिलेका लागि नक्साङ्कनका विषयलाई सम्बोधन गर्दै समय थप गरिएको भए पनि अन्य विषय छलफलमा नै रहेको बताउनुभयो।

**उदय बचत तथा ऋण सहकारी संस्था लि.**

लिबाली, भक्तपुर-८, फोन नं. ०१-५१२२१७०

**३० औं स्थापना दिवसको अवसरमा हुने कार्यक्रममा सहभागी होऔं**

**बालबालिका उप-समितिको आयोजनामा**
**कार्यक्रम** : स्वास्थ शिविर (पाठेघर तथा स्तन परीक्षण)
**मिति** : २०८२ फागुन ९ गते
**उपस्थित समय** : बिहान ८ बजेदेखि सुरू
**स्थान** : संस्थाकै भवनमा

**महिला उप-समितिको आयोजनामा**
**कार्यक्रम** : वासिङ मेसिनमा प्रयोग हुने सोडा बनाउने
**नाम दर्ता शुल्क** : ५००।-
**मिति** : २०८२ फागुन १ गते
**उपस्थित समय** : बेलुका ५ बजे
**स्थान** : संस्थाकै भवनमा

**युवा तथा सांस्कृतिक उप-समितिको आयोजनामा**
**कार्यक्रम** : बाजा प्रशिक्षण (मादल र बाँसुरी)
**नाम दर्ता शुल्क** : ५००।-
**मिति** : २०८२ फागुन २८ गतेदेखि ३ महिना
**उपस्थित समय** : बेलुका ६ बजे
**स्थान** : संस्थाकै भवनमा

**हार्दिक समवेदना**



जन्म
१९९७।०५।०६

निधन
२०८२।१०।१३

यस दत्तात्री मको ध्येमा खल:का सदस्यद्वय हरिनारायण लवाङ र हरिकृष्ण लवाङकी पूजनीय माता **मङ्गलमाया लवाङ**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

गोपीकृष्ण लवजु
विष्णु ह्योंगोजु
श्रीकृष्ण छुस्याबाग
कृष्ण गुज
गणेशकुमार ह्योंगोजु
न्हुछेराम लवजु
राजकुमार ह्योंगोजु
दशराम लवजु
कृष्णप्रसाद गुज
लक्ष्मीप्रसाद ह्योंगोजु
कृष्णप्रसाद चोलेखो
राकेश गुज

***पुँजीवादी...***

खनिज कब्जा गर्न राष्ट्रपति मादुरो दम्पतीलाई अपहरण गरेको हो। नेपालको जलस्रोत, खनिज र वन जङ्गलमा पनि एक एक गरी भारतीय एकाधिकार पुँजीको कब्जा बढ्दो छ। यसको दोषी शासक दल र तिनका नेताहरू नै हुन्।"

कार्यक्रममा पार्टीका भक्तपुर जिल्ला उपाध्यक्ष न्हुछेभक्त फोजुले पनि बोल्नुभएको थियो।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा